# अध्याय एक

## अध्ययनको पृष्ठभूमि

भाषा विचार आदान प्रदानको एक प्रभावशाली माध्यम हो। मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनि नै भाषा हो। मानव जातिले प्रयोग गर्ने भाषा सामाजिक तथा मानवीय वस्तु हो। मानवका विभिन्न उच्चारण अवयवको माध्यमले मानिसले आफ्ना भावना तथा विचारहरूको आदान प्रदान गर्दछ। मानव बाहेक पशु प्राणीले निकाल्ने आवाजलाई भाषा मानिँदैन किनकि तिनीहरूको आवाजले निश्चित भावको सम्प्रेशण गर्न सक्दैन। सामाजिक वस्तु भाषाका वाक्प्रतीकहरूले प्रतीकका रूपमा मात्र नभई मानिसका विभिन्न सांस्कृतिक तथा सामाजिक व्यवस्थाको पनि प्रतिनिधित्व गरेका हुन्छन् (खनिया र अन्य, २०६६:२)।

भाषा र समाज एक अर्कामा अन्तरसम्बन्धित छन्। भाषाबिनाको समाज र समाजबिनाको भाषाको कल्पनासम्म गर्न सकिँदैन। विचार तथा भावना आदान प्रदानको एकमात्र सशक्त माध्यम भाषा हो र भाषाको अभावमा समाज अपाङ्ग र स्थिर बन्दछ। समाजबाट नै भाषाको सुरुवात हुने विकास हुने तथा अन्त्य पनि हुने भएकाले भाषाको मुख्य आधार नै समाज हो। यसरी भाषाको सम्पूर्णता समाजमा नै निर्भर रहने गर्दछ। भाषा र समाजबीचको यस किसिमको अध्ययन भाषाको समाज विज्ञानमा गरिन्छ।

विद्यालय तथा विश्वविद्यालयमा शिक्षण सिकाइको एक मात्र सरल माध्यम भाषा हो। वर्तमान समयमा सूचना प्रविधिमा भएका विविध विकासका सहायताले शिक्षण सिकाइमा सरलता ल्याइदिए तापनि भाषिक प्रयोगको महत्त्वलाई भने नकार्न सकिँदैन। भाषाको माध्यमबाट विद्यालय तथा विश्वविद्यालय तहमा विविध विषयमा पठनपाठन गराउने गरिन्छ। त्यसै गरी भाषा सिक्न सिकाउन पनि भाषाकै प्रयोग गरिन्छ। भाषा सिकाउन विविध क्षेत्रमा प्रयोग हुने विविध प्राविधिक तथा पारिभाषिक शब्दहरूको प्रयोग गरिएका विभिन्न कृतिहरूको उपयोग गरिन्छ। विशेषतः सिकारुहरूको उमेर, क्षमता, चाहना तथा भाषिक पृष्ठभूमि अनुसार शिक्षण सिकाइका सामग्रीहरूको प्रयोग गर्न सके सिकाइ प्रभावकारी हुन्छ।

नेपालको विद्यालय तहमा नेपाली भाषा शिक्षणका लागि तयार पारिएका पाठ्यपुस्तकका सामग्रीहरूका बारेमा अध्ययन अनुसन्धानहरू भए तापनि कुनै कक्षाको विषय विशेषमा समाविष्ट विधाको बोधगम्यतामा केन्द्रित भएर अध्ययन अनुसन्धान गरिएको पाइँदैन । यसै पृष्ठभूमिमा यो अध्ययन कक्षा सातको अनिवार्य नेपाली विषयमा समाविष्ट गरिएका कथाहरू यस पाठ्यपुस्तकमा राखिएका चारवटै भाषिक सीप हासिल गर्नका निम्ति सरल जटिलक्रम साथै विद्यार्थीहरूको उमेर, स्तर, रुचि, क्षमता तथा अवस्था अनुकुल सुहाउँदा छन् छैनन् भन्ने विषयमा केन्द्रित भएर अध्ययन अनुसन्धान गरिएको छ ।

## समस्याकथन

बहुजाति, बहुभाषी तथा बहुसंस्कृति भएको हाम्रो देशमा विभिन्न भाषाहरू बोलिन्छन् । यति हुँदाहुँदै पनि नेपाली भाषा सरकारी कामकाजको भाषा तथा राष्ट्र भाषाका रूपमा संविधानमा नै स्वीकारिएको छ। नेपाली समाजमा विभिन्न जातिका आ-आफ्ना भाषा बोलिने गरिए तापनि त्यो कुनै एक जातिभित्रका मानिसहरूले मात्र बुझ्न र प्रयोग गर्न सक्छन् । यस सन्दर्भमा नेपाली भाषा सम्पूर्ण जातिका मानिसका बीच विचार आदान प्रदानको निर्विकल्प माध्यम बनेको छ । बहुभाषी समाजका हाम्रा विद्यार्थीहरू पनि बहुभाषी हुने नै भए । यसरी बहुभाषी समाजका विद्यार्थीहरूबीचमा विचारको आदान प्रदान गर्न नेपाली भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यति हुँदाहुँदै पनि पाठ्यपुस्तकमा भाषा सिकाउने सामग्रीका रूपमा प्रयोग गरिएका कथा, कविता, निबन्ध, जीवनी आदिमा प्रयोग गरिने शब्द, वाक्य तथा विभिन्न विषयवस्तु सबै भाषिक पृष्ठभूमिका विद्यार्थीहरूका लागि बोधगम्य नहुन सक्छन् । यहाँ यस्तै समस्यामा केन्द्रित भएर कक्षा सातको अनिवार्य नेपाली विषयमा समाविष्ट कथाहरूको बोधगम्यताको स्थितिको अध्ययन गरिएको छ । उक्त कक्षाका कथाहरूमा रहेका निम्न समस्याहरूमा केन्द्रित भएर यो अध्ययनलाई अगाडि बढाउने कार्य गरिएको छ :

(क) भाषिक दृष्टिले मातृभाषी र दोस्रोभाषी विद्यार्थीको बोधगम्यताको स्थिति कस्तो छ ?

(ख) लैङ्गिक दृष्टिले छात्र र छात्राको बोधगम्यताको स्थिति कस्तो छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) भाषिक दृष्टिले मातृभाषी र दोस्रोभाषी विद्यार्थीको बोधगम्यताको स्थिति पत्ता लगाउनु ।

(ख) लैङ्गिक दृष्टिले छात्र र छात्राको बोधगम्यताको स्थिति पत्ता लगाउनु ।

## अध्ययनको औचित्य र महत्त्व

नेपाली भाषा शिक्षणका विभिन्न साधनहरूमध्ये कथा एक सशक्त माध्यम हो । हाम्रो समाजमा परापूर्वकालदेखि नै कथा भन्ने र सुन्ने परम्परा रहेको पाइन्छ । औपचारिक शिक्षाको व्यवस्थित सुरुवात हुनुभन्दा पहिलेदेखि नै घरमै आफ्ना सन्तानहरूलाई विभिन्न कथाहरू सुनाएर मनोरञ्जन गराउने तथा ज्ञान दिने प्रयास भएको पाइन्छ । समयक्रमसँगै औपचारिक शिक्षाको थालनी भयो र यसमा कथालाई पनि समावेश गरियो । यसरी आधुनिक समयमा भाषा शिक्षणमा कथाको उपयोग एक अनिवार्य साधनका रूपमा गर्न थालियो । कथाका माध्यमबाट विद्यार्थीहरूमा भाषिक सीपको विकासमा उल्लेखनीय योगदान पनि पुगेको देखिन्छ । यति हुँदाहुँदै पनि नेपाल जस्तो विविध भाषिक प्रयोक्ताहरूको समाजमा दोस्रोभाषी विद्यार्थीहरूमा मातृभाषी विद्यार्थीहरूलाई जस्तै कथा बोध गर्न सजिलो भएको छ वा छैन भन्ने विषयमा अनुसन्धान भएको त्यति स्पष्ट पाइँदैन । नेपाली दोस्रोभाषी विद्यार्थीहरूका नेपाली भाषिक सीपमा कमजोर रहेको पाइन्छ । यस्ता विभिन्न कारणमध्ये बोध सम्बन्धी समस्या मुख्य हुन सक्छ । त्यसैले यस्तो कमजोरीको कारण पहिल्याउन यो अध्ययन सान्दर्भिक हुने देखिन्छ । त्यसैगरी मातृभाषी विद्यार्थीहरूले पनि कथाहरू स्पष्ट बुझ्न सके वा सकेनन् भन्ने विषयमा पनि अध्ययन अनुसन्धान भएको स्पष्ट पाइँदैन । त्यसैले मातृभाषी विद्यार्थीहरूको समेत बोधगम्यताको स्थिति पत्ता लगाएर पठनपाठनलाई अझ प्रभावकारी बनाउन यो अध्ययन औचित्यपूर्ण रहेको छ । यस अध्ययनले पाठ्यक्रम निर्माता, सरोकारवाला, शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, मनोवैज्ञानिक लगायतका क्षेत्रमा सहयोग पुऱ्याउने देखिन्छ । विशेषतः कथा शिक्षण प्रणालीमा सुधार गरी अपेक्षित उद्देश्य पूरा गर्न शिक्षक तथा विद्यार्थीलाई यस अध्ययनले सघाउ पुऱ्याउने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ । कथा शिक्षणका कमीकमजोरीलाई हटाउँदै कथाबोधका लागि गरिनुपर्ने थप सुधारका लागि सुझाव प्रदान गर्ने भएकाले यो अध्ययन धेरै महत्त्वपूर्ण रहेको छ ।

## अध्ययनको सीमा

शोधार्थीले प्रस्तुत गरेको शोध शीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न नसकेको अवस्थामा शोधपत्रमा के कति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ । अध्ययन कुनै निश्चित विषयमा केन्द्रित नभए त्यसले कुनै पनि निष्कर्ष निकाल्न सक्दैन । त्यसैले अध्ययनलाई निश्चित सीमाभित्र सीमित गर्नुपर्ने हुन्छ । त्यसैले यो अध्ययन निम्नलिखित सीमाभित्र रहेर गरिएको छ :

(क) यो अनुसन्धान कक्षा सातको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरू 'मामालाई सुधार्ने भान्जो', 'सात दिने सभा', 'सुन उगेल्ने भाले', 'बोधिसत्वको कथा', 'रिस र राक्षस' र 'बाक्लो दाल' मा सीमित रहेको छ ।

(ख) झापा जिल्लाको कनकाई न.पा वडा नं. १ मा अवस्थित श्री सरस्वती माध्यमिक विद्यालय, वडा नं. ७ दुर्गापुरस्थित भृकुटी माध्यमिक विद्यालय, वडा नं. ३ र कनकाई माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूमा केन्द्रित रहेको छ ।

(ग) यो अध्ययनले कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा पहिलो भाषी र दोस्रोभाषी विद्यार्थीहरूको बोधगम्यताको तुलनात्मक स्थिति तथा तिनको भाषिक पृष्ठभूमि, लैङ्गिक दृष्टिगत रूपमा विद्यार्थीहरूको कथाविधाप्रति बोध क्षमता के-कस्तो छ ? कसरी सुधार गर्ने भन्ने कुरामा मात्र आधारित भई अध्ययन गर्छ ।

(घ) यो पाठ्यपुस्तक नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशन गरिएको हो । जुन यसै नेपाली किताबको कथा विद्यामा आधारित भएर अध्ययनमा केन्द्रित रहनेछ ।

## अध्ययनको रूपरेखा

| | |
|---|---|
| अध्याय एक : | शोध परिचय |
| अध्याय दुई : | पूर्वकार्यहरूको समीक्षा र सैद्धान्तिक अवधारणा |
| अध्याय तीन : | अध्ययन विधि र प्रक्रिया |
| अध्याय चार : | व्याख्या तथा विश्लेषण |
| अध्याय पाँच : | सारांश, निष्कर्ष, उपयोगिता र सुझाव |

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले विगतमा त्यस विषयमा भइसकेको अध्ययनलाई पुनरावलोकन गर्नु अर्थात् सम्बन्धित क्षेत्रका अन्य सामग्रीहरूको अध्ययन गर्नु हो। तसर्थ पूर्वकार्यको अध्ययन नगरी गरिएको अध्ययन स्तरहीन र अर्थविहीन हुन जान्छ। पूर्वकार्यको पूर्ण अध्ययन गर्नुको मुख्य कारण विगतमा गरिएको अध्ययनबाट सम्बन्धित क्षेत्रमा गरिएको अनुसन्धान कार्यलाई सहयोग मिल्दछ। प्रस्तावित शोधपत्र बोधगम्यताका आधारमा कथा विधाको विश्लेषणमा केन्द्रित भएकाले यहाँ यससँग सम्बन्धित क्षेत्रमा अघि भएका अध्ययन कार्यहरूलाई नमुनाको रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ।

कुनै पनि कार्य गर्दा पूर्वकार्यको लेखाजोखाबिना औचित्यपूर्ण सफलता प्राप्त गर्न सकिँदैन। मानिसले कुनै पनि नयाँ कार्यको थालनी गर्नुभन्दा पहिला त्यस कार्यसँग सम्बन्धित कार्यहरू अगाडि भएका छन् कि छैनन् भनी पूर्वकार्यको खोजी गर्नु नितान्त आवश्यक ठानिन्छ।

घिमिरे (२०५६) द्वारा *हाम्रो किताब कक्षा आठको बोधगम्यताको अध्ययन* नामक शोधपत्र तयार गरिएको छ, उक्त अध्ययनको निष्कर्षमा भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी विद्यार्थीलाई भन्दा दोस्रोभाषी विद्यार्थीका लागि उक्त पाठ्यपुस्तक बोधगम्यताका दृष्टिमा कमजोर देखिन्छ। लिङ्गका विद्यार्थीहरूमा बोध क्षमता कम पाइन्छ। उक्त अध्ययनको निचोडमा हरेक शिक्षण भाषिक वातावरण, नमुना छनोट आदि जस्ता कारणले फरक परे तापनि प्रस्तुत पाठ्यपुस्तक कक्षा आठका लागि समान बोधगम्य छैन भन्न सकिन्न भन्ने उल्लेख गरिएको पाइन्छ। उक्त अध्ययनको निचोड हरेक शिक्षण भाषिक वातावरण नमुना छनोट आदि जस्ता कारणले फरक पारे तापनि प्रस्तुत पाठ्यपुस्तक कक्षा आठका लागि समान बोधगम्य छैन भन्न सकिन्न भन्ने उल्लेख गरिएको छ।

पुरी (२०६०) द्वारा *हाम्रो नेपाली किताब कक्षा छको बोधगम्यताको अध्ययन* नामक शोधपत्र तयार पारिएको देखिन्छ उक्त अध्ययनको निष्कर्षमा स्थानीयताका आधारमा शहरका भन्दा गाउँका विद्यालयका विद्यार्थीहरूका लागि उक्त पाठ्यपुस्तक बोधगम्यताको दृष्टिमा

कमजोर देखिएको छ। लिङ्गका आधारमा छात्राहरूको तुलनामा उक्त पाठ्यपुस्तक अलिकति नै भए पनि बढी ले बुझ्ने गरेको देखिएको छ। भाषिका पृष्ठभूमिको आधारमा पहिलो भाषिक विद्यार्थीलाई भन्दा दोस्रोभाषी विद्यार्थीका लागि उक्त पाठ्यपुस्तक बोधगम्यताका आधारमा कमजोर देखिन्छ।

ढकाल (२०६६) द्वारा *कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ। यस अध्ययनमा कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरू बीच पठनबोध क्षमता कस्तो छ ? छात्रछात्राहरूको पठनबोध क्षमता कस्तो छ ? जस्ता समस्याहरूलाई समस्याकथनको रूपमा लिइएको छ। त्यसैगरी कक्षा तीनमा अध्ययनरत मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूबीच पठनबोध क्षमता के कस्तो छ पत्ता लगाउनु छात्रछात्रा बीचको पठनबोध क्षमता पहिल्याउनु, विद्यार्थीमा देखिएका पठनबोध सम्बन्धी कमीकमजोरीहरू पहिचान गरी निराकरणका लागि आवश्यक उपायहरू पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको छ। त्यसै गरी पठनबोध क्षमता, भाषिक क्षमता विकासका लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठनबोध सम्बन्धी क्रियाकलाप समावेश गर्नुपर्ने, विद्यार्थीको बौद्धिक स्तर र रुचि क्षेत्रको पहिचान गर्नु पर्ने कक्षा शिक्षणमा शिक्षक मात्र सक्रिय नभई विद्यार्थीहरूलाई बढी भन्दा बढी सक्रिय गराउनु पर्ने, तालिम अप्राप्त शिक्षकबाट शिक्षण गर्ने परिपाटिको अन्त्य गनुपर्ने जस्ता सुझावहरू पेस गरिएको छ।

अधिकारी र शर्मा (२०७१) द्वारा *प्रारम्भिक नेपाली शिक्षण* पुस्तक प्रकाशन गरिएको पाइन्छ। उक्त पुस्तकको अध्याय छमा उच्चारण शिक्षण शीर्षक अन्तर्गत बोध शिक्षणको आवश्यकता, बोध शिक्षणका कार्यकलाप, बोध शिक्षणका कार्यकलाप अन्तर्गत समस्यापूर्ण पाठहरूको अभ्यास, दोस्रोभाषीहरूमा आइपर्ने बोध समस्याको पहिचान, विभिन्न सांस्कृतिक तथा जात विशेषले प्रयोग गर्ने विशेष नाम शब्दहरूको शिक्षणका सम्बन्धमा चर्चा गरिएको पाइन्छ। यसरी बोधका विषयमा अध्ययन गर्ने, लेखहरू लेख्ने तथा शोधकार्य गर्ने शोधार्थीहरूका लागि यो पुस्तक उपयोगी हुन्छ।

नेपाल (२०७२) द्वारा *बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन* नामक शीर्षकको शोधपत्रमा भाषाको उपयुक्त र प्रभावकारी पठन पाठनका लागि पाठ्यक्रममा समावेश गरेर मात्र पर्याप्त हुँदैन। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्तरीय पाठ्य पुस्तकको पनि त्यतिकै आवश्यक पर्छ। पाठ्यक्रम तथा

पाठ्य पुस्तकको उत्तरोत्तर विकासका लागि तिनको निरन्तर परीक्षा अध्ययन अनुसन्धान भइरहनु आवश्यक छ । पाठ्यक्रम जतिसुकै राम्रो भए पनि पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुकुल नभए पाठ्यक्रमको उद्देश्य हासिल गर्न सकिँदैन । त्यसैले राम्रो अनुसन्धानपछि मात्र पाठ्यक्रमका तत्त्वहरू अन्तर्गत पाठ्यवस्तुलाई समेटिएको पाठ्य पुस्तकलाई प्रयोगमा ल्याउनु पर्दछ । राम्रो पाठ्य पुस्तकको पहिलो र अनिवार्य गुण बोधगम्यता नै हो । बोधगम्यताको अभिप्राय विद्यार्थीका लागि निर्दिष्ट पाठ्य पुस्तक कति मात्रामा बुझिने गरी तयार पारिएको छ भन्ने हो चाहे सुगम क्षेत्रका वा दुर्गम क्षेत्रका त्यस्तै चाहे सहरी क्षेत्रका सरकारी वा सामुदायिक र निजी जे जस्तो भए पनि सबैमा बोधगम्यता सम्मान रूपमा हुन आवश्यक छ । यसै परिप्रेक्षमा प्रचलित ‘कक्षा नौ को नेपाली किताबमा समाविष्ट कथाहरू बोधगम्यताका, दृष्टिले के कति मात्रामा उपयुक्त रहेछन भनेर अध्ययन अनुसन्धान गर्नु यसको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनले निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट कथाको लैङ्गिक भाषिक पृष्ठभूमि स्थानीय आदि विविध बोधगम्यताको स्थितिको पहिचान भई यसको आवश्यक सुधार गर्न सकिने शोधार्थीको अपेक्षा उल्लेख गरिएको पाइन्छ ।

उक्त पूर्वकार्यहरूको अध्ययन गर्दा विद्यार्थीहरूको बोधगम्यता क्षमतामा लिङ्ग, भाषिक पृष्ठभूमि, स्थानीयता विधाहरूको रखाइ क्रम (सरल जटिल) आदि विभिन्न कारणले असर पारेको पाइन्छ । त्यस्तै शिक्षकहरूको लापरवाही पाठ्यपुस्तक बाहेक अन्य शिक्षण सामग्री न्यून प्रयोग, कक्षा अन्तरक्रियाको कमी, अभ्यासमा जोड नदिएको, अभिभावकहरू शिक्षणप्रति उदासिन रहनु, कक्षा मूल्याङ्कनको अभाव जस्ता विभिन्न कारणले विद्यार्थीहरूको बोधगम्यता क्षमता कमजोर भएको निष्कर्ष निकाल्न सकिन्छ । बोधगम्यताका दृष्टिले पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाको कठिनाइ स्तरलाई विद्यार्थीहरूको बौद्धिक क्षमता अनुकुल बनाउनु पर्ने, सबै तहका पाठ्क्रम र पाठ्यपुस्तक सोही तहका विद्यार्थीहरूको क्षमता र रुचि अनुसार हुनुपर्ने सामुदायिक विद्यालयमा विद्यार्थीको चाहनालाई ख्याल गर्दै सेक्सन छुट्याएर पठनपाठन गर्नुपर्ने, भाषा पाठ्यपुस्तकमा विषयवस्तु चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानीयता, उमेर, कक्षा, तह आदि पक्षलाई ख्याल गर्दै विषयवस्तु छनोट गर्नुपर्ने जस्ता सुझाव दिएको छ ।

यस पूर्वाध्ययनबाट कक्षा आठको कथा विधाको बोधगम्यता क्षमता के कस्तो छ ? र त्यसको उपयुक्तता कस्तो छ ? पहिल्याउने काम बाँकी रहेको हुँदा प्रस्तुत अध्ययन गर्न आवश्यक ठानिएको छ ।

## अनुसन्धानमा पूर्वकार्यको उपयोगिता

अनुसन्धानको क्रममा सम्बन्धित विषयमा पहिला गरिएका अनुसन्धानहरूको अध्ययन गरी तिनीहरूको बारेमा जानकारी राख्नु महत्त्वपूर्ण हुन्छ । पूर्वकार्यहरूको अध्ययनले नयाँ विषयवस्तु वा क्षेत्रमा अध्ययन गर्न सहयोग गर्दछ । पूर्वकार्यको समीक्षाबाट आफ्नो अध्ययनबारे स्पष्ट हुन तथा व्यवस्थित रूपमा अध्ययनलाई अगाडि बढाउन सहयोग पुग्ने भएकाले अनुसन्धानमा पूर्वकार्यको उपयोगिता रहन्छ । अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्वन्धित कार्यहरू त्यसभन्दा अगाडि के कस्ता खोज अनुसन्धान र लेखन कार्य भएका हुन् तिनीहरूलाई पूर्वकार्य भनिन्छ । यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्यसँग तुलना गरेको विशिष्ट, मौलिक र नवीन एवम् औचित्य सावित गर्न कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ । यसका अतिरित्त अनुसन्धानकर्ताले गर्ने लागेको अनुसन्धान कार्य कतिको नयाँ वा पुरानो हो ? कतिको महत्त्वहिन छ ? भन्ने कुराको जानकारी मिल्दछ । पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा महत्त्वपूर्ण अङ्ग हो । त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना, अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविक पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने, अनुसन्धानको विषय छनोटबारे सुरु भएर अन्त्यसम्म नै महत्त्वका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धतिको निरूपण गरेर अनुसन्धेय विषयमा मौलिक योगदान दिन्छ । त्यसैले अनुसन्धानलाई मौलिक, विशिष्ट र नवीन बनाउनमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ । पूर्वकार्यको उपयोगितालाई निम्नलिखित बुँदाहरूद्वारा स्पष्ट पार्ने प्रयत्न गरिएको छ ।

(क) पूर्वकार्यको समीक्षाले अध्ययन गर्ने विषयवस्तु चयन गर्न, व्याख्या विश्लेषण गर्न तथा बुझ्न सहयोग गर्दछ ।

(ख) पूर्व अध्ययनले अनुसन्धानमा हुने त्रुटिहरू कम गर्न तथा अनुसन्धानको क्षेत्र व्यापक बनाउन सहयोग गर्दछ ।

(ग) भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन सहयोग गर्दछ ।

(घ) नयाँ धारणा निर्माण गरी नयाँ सिद्धान्त प्रतिपादन गर्न पनि पूर्वअध्ययनले सहयोग गर्दछ ।

(ङ) पूर्व अध्ययनलाई सारांशका रूपमा हेरेर वर्तमान अध्ययनका लागि मार्गदर्शनका रूपमा ग्रहण गर्न सकिन्छ ।

## भाषा पाठ्यपुस्तकको सैद्धान्तिक परिचय

पाठ्यक्रमका सैद्धान्तिक पक्षहरूलाई व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न महत्त्वपूर्ण र प्रभावकारी सहयोग पुऱ्याउने भरपर्दो सामग्री नै भाषा पाठ्यपुस्तक हो। भाषा पाठ्यपुस्तकलाई लिखित रूपमा रहेको भाषाशिक्षक वा भाषापाठ्यक्रमकै पूरक विकल्पका रूपमा लिइन्छ। विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई अनौपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो। (नेपाली बृहत् शब्दकोश) भाषा पाठ्यक्रमका दायरा भित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध तथा व्यवस्थित ढङ्गले भाषिक सीप र संज्ञान सिकाउने विविध भाषिक विषयवस्तुलाई सङ्गठित गरी अध्ययन अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो (पौडेल, २०७३:१६५) ।

हाम्रो जस्तो गरिब देशमा विद्यालय स्तरसम्म हुने अधिकांश कार्यकलापहरू भाषा पाठ्यपुस्तकमा नै निर्भर रहने निश्चित छ। फेरि तालिम अप्राप्त शिक्षक एवम् दक्ष जनशक्तिको अभावका साथै पर्याप्त शिक्षण सामग्रीको अभावमा भाषा शिक्षणका मूल अभिष्ट  पुरा गर्ने दायित्व बहन गनुपर्ने देखिन्छ। त्यसैले भाषा पाठ्यपुस्तकलाई लिखित रूपमा रहेको भाषा शिक्षक अथवा भाषा पाठ्यपुस्तककै पुरक वैकल्पिक सामग्रीका रूपमा पनि अर्थ्याउन सकिन्छ। भाषा पाठ्यपुस्तक खासगरी भाषिक सीप र तह अनुसारका रचनात्मक अभ्यास र क्रियाकलापहरूतर्फ उन्मुख हुन्छ ।

भाषा पाठ्यपुस्तकमा बारेमा दिइएका परिभाषाहरू त्यति पाइँदैनन् । त्यसैले पाठ्यपुस्तक सम्बन्धित विद्धवानहरूले दिएका परिभाषाहरू ख्याल गदै भाषा पाठ्यपुस्तकमा परिभाषाहरू निर्क्योल गर्नुपर्दछ । पाठ्यपुस्तक सम्बन्धी केही परिभाषाहरू निम्नानुसार छन् :

"भाषा पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो" (ढुङ्गेल र दाहाल २०६७:५०) ।

"पाठ्यक्रममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक नै पाठ्यपुस्तक हो" (अधिकारी र शर्मा २०७१:५०) ।

माथिका विभिन्न परिभाषाका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने पाठ्यपुस्तक भनेको पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरू पूरा गर्न सिकारुका आवश्यकतालाई सम्बोधन गर्न नवीन विषयको जानकारी दिन तथा योजनाबद्ध शिक्षण गर्न सहयोग गर्ने अधिकारिक एवम् महत्त्वपूर्ण सामग्री हो । यसलाई विद्यालय तहका औपचारिक शिक्षण तथा सर्न्दभतः अनौपचारिक शिक्षण सिकाइ समेतको एउटा भरपर्दो व्यवस्थित एवम् सर्वाधिक महत्त्वपूर्ण शिक्षण सामग्रीको रूपमा पनि चिनाउन सकिन्छ ।

## भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरू

भाषा पाठ्यपुस्तकमा तह अनुसार विभिन्न विधाहरूलाई समेटिएको हुन्छ । विविध भाषिक प्रयोजन तथा शब्दार्थहरूको बोध गराउनका लागि भाषा पाठ्यपुस्तकमा साहित्यका विविध विधाहरूलाई कक्षा अनुसार स्तरीकृत गर्दै समावेश गरिएको हुन्छ स्वरूपमा बाँधि शिक्षण सिकाइमा रोचकता र नवीनता ल्याउन वान्छनीय ठहर्दछ ।तह जस्ता कुराहरूलाई विद्यालयहरूको उमेर, रुचि स्तर एवं साहित्यका र साहित्येतर दुवै क्षेत्रका विषय वस्तुलाई विधागत स्वरूपमा बाँधी शिक्षण र नवीनता ल्याउन वान्छनीय ठहर्दछ । विद्यार्थीहरूको उमेर, रुचि, एवं तह जस्ता कुराहरूलाई मध्यनजर गरी विषयवस्तु चयन गर्नुपर्दछ । तल्ला कक्षा र माथिल्लो तहका कक्षामा विवरण गरिने विधामा तिनको प्रस्तुति संरचना, लम्बाइ,जटिल्ता आदि पक्षहरूमा सूक्ष्म रूपले ध्यान पुऱ्याउनु पर्दछ । तल्ला कक्षामा छोटा गीत एवं लयात्मक कविता र स-साना लोककथा, पाँच-सात अनुच्छेदसम्मका प्रबन्धहरू वितरण गर्नुपर्दछ । क्रमशः माथिल्ला जीवनी, निबन्ध, रूपक, दैनिकी जस्ता विधाहरूका

संरचना र प्रस्तुतिलाई कस्दै लैजानु रोचकता साथ सिकाइमा भाषिक सीपको विकासमा उचित हुन्छ। ती विधाहरू हुन्: कविता, कथा, निबन्ध, रूपक, जीवनी, चिठी, दैनिकी आदि।

## कथाको सैद्धान्तिक परिचय

कुनै घटना विशेषलाई पूर्ण रूपमा व्याख्या गर्न सक्ने आलेखलाई कथा भन्न सकिन्छ। कुनै पनि रोचक घटनासँग सम्बन्धित आफैँमा पूर्ण बृतान्त नै कथा हो। (खनिया र अन्य, २०६६:१३२)। कथा क्षेत्रका आधारमा विभिन्न प्रकारका हुन्छन्। सामाजिक, लौकिक, नैतिक, पौराणिक आदि क्षेत्रलाई विषयवस्तु बनाएर कथा लेखिएका पाइन्छन्। विशेषत कुनै परिवेशमा घटेका घटनाहरूलाई विषय बनाएर त्यसबाट केही सन्देश दिने उद्देश्यका साथ कथाहरू लेखिने गरेका पाइन्छन्।

साहित्यका विभिन्न विधाहरू मध्ये आख्यान विधा अन्तर्गत समेटिने कथाको जन्म मानव सभ्यताको प्रारम्भसँगै भएको हो। मानव सभ्यताको आरम्भसँगै मानिसले जीवनका विविध घटना, पीडा, हाँसो, खुसी एक आपसमा मौलिक रूपमा प्रकट गर्दै जाने क्रममा कथाको सुरुवात भएको मान्न सकिन्छ। यसरी हेर्दा लोक कथा दन्त्य कथालाई आधुनिक कथाको पृष्ठभूमिका रूपमा हेर्न सकिन्छ। अतः कथा सुन्ने र सुनाउने परम्परा धेरै पहिले देखि रहेको हुनाले विश्व साहित्यको इतिहाससँगै कथाको यात्रा अत्यन्त प्राचिन मानिन्छ। पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अति प्राचीन देखिए तापनि आधुनिक साहित्यशास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य जगतमा १९ औं शताब्दीदेखि प्रारम्भ भएको हो। यसको जन्म अमेरिका एडभर एलेन पो ले गरेका हुन्। त्यसैले आज कथाको नामले अभिन्न रूपमा परिचित हुने विधा प्राचीन लोककथा नभएर आधुनिक कथा हो। गद्य भाषाको किस्सा तथा कथात्मक निबन्धको समीकरणबाट वास्तविक आधुनिक कथा विधाको जन्म भएको हो। त्यसपछि यसको विकास जुन गतिमा द्रुत रूपले हुँदै गयो यो सैद्धान्तिक संरचना मा रूपायित भयो र आज अतिप्रिय तथा प्रभावकारी साहित्य रूप भएर विश्वभरि नै जगमगाएको छ।

संस्कृतको 'कथ्' धातुमा 'अच्' प्रत्यय लागेर कथ् बनेपछि 'कथ्' मा 'आ' प्रत्यय लागेर कथा शब्द तयार हुन्छ। जसको व्युत्पतिगत अर्थ केही कुरा भन्नु कहनु वा कथेर बताउनु भन्ने बुझिन्छ। अङ्ग्रेजीमा स्टोरी भनि यस शब्दलाई हिन्दीमा कहानी र

बङ्गालीमा गल्फ भन्ने गरिन्छ। युग र समयानुसार कथाको विभिन्न शब्द र अर्थहरू विकसित हुँदै आएको पाइन्छ। कथाले युगीन परिवेश र परिवृतका अवस्थालाई बहन गर्दछ र आख्याननात्मक संरचनाको रूपमा रहेरको कथाले साहित्यिक विधाका रूपमा विशेष महत्त्व राखेको पाइन्छ। कथा कुनै शास्त्रीय नियम वा लक्षणहरूसित आवद्ध परम्परागत विधा होइन। आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको लचिलो अथवा परिवर्त्य साहित्यिक रूप हो। स्वभावतः अन्य मुख्य विधाहरूभन्दा कान्छो विधाको रूपमा विकसित भएर होला यसले निकै चतुऱ्याइका साथ अन्य विधाका गुण र स्वभावहरूलाई आफूभित्र स्वायत गरेर आफूलाई बलियो बनाउँदै लगेको छ।

कथाको मूल पक्ष भनेकै आरम्भ र अन्त्य हो। यसको आकर्षण र प्रभावकारी बनाउन सक्नुपर्दछ। अन्य विधा जस्तै कथाको पनि आफ्नै संरचना हुन्छ। त्यसलाई सही ढङ्गले प्रयोग गरे मात्र कथाको निर्माण हुन सक्छ। वास्तवमा कथाको  निश्चित विन्दुमा रहेर कथाकारले रुचिक्षेत्र प्रयोग गरी तयार पारिएको संक्षिप्त तर पूर्णरूपले लेखिएको विधालाई कथा भनिन्छ। कथामा कथामा जीवनको कुनै एक महत्त्वपूर्ण खण्ड वा अंशको घटनालाई चित्रण गरिन्छ र सु-संवाद र परम्परा शृङ्खलित आयातनमा पूर्णता ल्याउनुपर्छ पनि। कथाले कुनै एउटा विशेष कार्य वा स्थितिको निरूपण गर्दछ। कथामा पाठकको मनमस्तिष्कमा विशेष प्रभाव उत्पन्न गर्न कलात्मकतालाई स्थान दिइन्छ। कथामा व्यक्तिको मात्र नभएर सिङ्गो समाजकै चित्रण गरिन्छ। जे होस आदि, मध्य र अन्त्यका साथ विकसित भई मानवीय जीवनको आंशिक कलात्मक प्रस्तुति गर्ने कथाको मानवीय सभ्यता देखि नै प्रारम्भ भई समयको परिवर्तनसँगै पूर्ण संरचनाका साथ आफूलाई सैद्धान्तिक रूपमा स्थापित गर्दै वर्तमान सन्दर्भमा समेत प्रचलित विधाका रूपमा कथाले आफूलाई स्थापित गरेको छ (खनिया, २०६६:१३१)।

साहित्यका अन्य विधा जस्तै कथा विधामा पनि विद्वानहरूले विभिन्न मापदण्ड तय गरेर यसलाई परिभाषित गर्ने काम गरेका छन्। कथा अत्यन्तै लचिलो र परिवर्त्य विधा भएकाले कथालाई निश्चित परिभाषामा बाँध्न सकिदैन। तापनि आधुनिक कथाको प्रारम्भ सँगै विभिन्न विद्वान् समीक्षक तथा स्वयंम् कथा स्रस्टाहरूले कथाको परिभाषा दिने क्रममा आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् तर कथाको परिभाषालाई कुनै एउटै मात्र परिभाषाले

बाँध्नु युक्तिसङ्गत नदेखिने पूर्वीय तथा पाश्चात्य विद्वान्हरूको परिभाषालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

## बोधगम्यताको परिचय

'बोध' भनेको कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई पढेर त्यसको मूल आशयलाई बुझ्नु हो । नेपाली भाषाको क्षेत्रमा बोध, शब्द ज्ञान अर्थ दिने बुध धातुबाट धन प्रत्ययको योगले बनेको हो (कार्यपत्र, २०३४:११२) ।

बोध र गम्य शब्दमा ता प्रत्यय लागेर बोधगम्यता बनेको हो । बोधगम्यता बनेको हो । बोधको अर्थ पढेर वा सुनेर बुझ्ने क्षमता वा सीप हो । बोधगम्यता भन्नाले बुझ्न सकिने वा सम्झनामा आउने गुण भन्ने बुझिन्छ ।

बोधगम्यताको निमित्त पाठ्यपुस्तकमा विषयवस्तु प्रस्तुत गरिन्छ , जसका आधारमा विद्यार्थीहरू भाषामा विविध सीप तथा पक्षमा दक्षता हासिल गर्दछन् । विद्यार्थीको अनुभव क्षमताभन्दा उच्च स्तरको पाठ्य सामग्री प्रयोग गरेमा उनीहरूको भाषिक क्षमता हासिल गर्ने उत्साह हराउँछ । किनकि भाषाकै माध्यमबाट अन्य विषय पनि सिकाइन्छ ।

पाठ्यपुस्तकमा अभिव्यक्त गरेको अर्थ वा विभिन्न तत्वहरूलाई पाठकले आफ्नो मष्तिष्कमा धारणा गर्दछन् । यसले गर्दा लेखकको आशयलाई बिगारेर बुझ्न वा पटक्कै नबुझ्ने समेत सम्भावना हुन्छ । अतः बोधगम्यता पाठन सामग्रीको त्यो बुझ्न सकिने गुण हो जसका आधारमा उपलब्धि समेत प्रदर्शित होस् (पौडेल, २०७३:१२७) ।

विशिष्ट बोधले चाँही नेपाली भाषामा अभिव्यक्त साहित्यिक वा साहित्यिकदेखि बाहेकका ज्ञानविज्ञानका शाखाहरू , दर्शनशास्त्र, समाजशास्त्र सञ्चार प्रशासन, कलाकारिता विज्ञान तथा प्रविधि, चिकित्सा शास्त्र वाणिज्य अर्थशास्त्र आदिसँग सम्बन्धित विशिष्ट बौद्धिक सामग्रीहरूमा अन्तर्निहित भाव वा मर्म ग्रहण गरी त्यसको विश्लेषण प्रकटीकरण भन्ने बुझाउँछ । बोधका लागि पाठ नै सम्पूर्ण कुरा हुने भएकाले पाठकै माध्यमबाट त्यसको सारभूत कुरा झिक्ने काम यसमा गरिन्छ ।

यसरी कुनै पनि आलेख वा दृश्यलाई पढेर वा हेरेर त्यसका विषयमा स्पष्ट धारणा निर्माण गर्नुलाई नै बोधगम्यता भनिन्छ । बोध हुनका लागि सम्बन्धित विषयवस्तुमा स्पष्टता हुनुपर्दछ र त्यससँग सम्बन्धित पूर्वज्ञानले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै

विषयवस्तुको अध्ययन गरिसकेपछि त्यसको भाव बुझ्रेर आफ्नो जीवनमा लागु गर्नु पनि बोधको अर्को एउटा पाटो हो। विद्यालय तहको भाषिक शिक्षणलाई हेर्ने हो भने विषयवस्तुलाई बुझ्रेर त्यसमा दिइएका अभ्यासहरूका अपेक्षित उत्तर दिन सक्ने र आवश्यकता अनुसार तिनीहरूको भाव र मर्म नबिग्रने गरी अरूलाई बुझ्राउन सक्ने बन्नु नै बोध हो। बोधगम्यतालाई बुझ्न सक्ने क्षमता वा गुणका रूपमा पनि हेर्ने गरिन्छ। कुनै पनि रचना वा लेखको मर्मलाई बुझ्न सक्नु वा त्यस आलेख वा रचनाको सामान्तया बुझ्न सकिने गुणलाई पनि बोधगम्यता भन्न सकिन्छ।

विद्यार्थीहरूले सुनेका वा पढेका सामग्रीहरूको बुझ्ने क्षमता र सीप जान्ने वा बुझ्ने कामलाई बोध भनिन्छ। भाषा पाठ्यपुस्तकमा विधाको छनोट गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमताको ख्याल आवश्यक हुन्छ । नेपाली मातृभाषीलाई सरल र सहज भए तापनि दोस्रोभाषी विद्यार्थीहरूलाई केही कठिन भएको छ। यो अध्ययनबाट मातृभाषी विद्यालयहरूका लागि केही सहज भए तापनि दोस्रोभाषी विद्यार्थीहरूका लागि यी कथाहरू अलिक कठिन देखिन्छ । त्यसैले पाठ्यक्रममा कथाहरू समावेश गर्दा दुवै भाषी विद्यार्थीहरूलाई सरल र सहज सिकाइ गर्न सकिने खालका कथाहरू पाठ्यक्रममा समावेश गर्नु आवश्यक छ।

# अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### अनुसन्धानको ढाँचा

कुनै पनि अनुसन्धान व्यवस्थित एंवम् औपचारिक कार्य भएकाले सो कार्यलाई अगाडि बढाउनको लागि विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ। अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय हो ।

प्रस्तुत शोधकार्यमा कक्षा सातमा अध्ययनरत मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको बोधगम्यताको स्थिति तथा भाषिक पृष्ठभूमि र लैङ्गिकतालाई समेत पहिल्याउने र तुलनात्मक विश्लेषण गर्ने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाटै स्पष्ट भएको छ। त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई नै महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास वाञ्छनीय ठानिएको छ ।

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूसँग सम्वन्धित भएकाले उनीहरूलाई नै केन्द्रविन्दु मानी क्षेत्रीय अध्ययन विधिलाई आधार बनाइ अध्ययनलाई अगाडि बढाएको छ। प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउनका लागि जनसङ्ख्या पहिचान, प्रतिनिध नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण परीक्षणको कार्यान्वयन, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता क्षेत्रीय अध्ययनको सिलसिलामा अवलम्बन गरिएका विधि एवंम् प्रक्रियाको रूपरेखालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### जनसङ्ख्या

कुनै पनि कुराको अध्ययन तथा विश्लेषण गर्नका लागि जनसङ्ख्याको प्रमुख भूमिका रहेको हुन्छ। प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूका निम्ति नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको बोधगम्यताको स्थिति पहिचान गर्न उद्देश्य केन्द्रित गरिएको छ। कक्षा सातमा अध्ययनरत झापा जिल्लाका

तीनवटा सामुदायिक विद्यालयका छात्र १० र छात्रा १० गरी जम्मा २० का दरले ६० जना विद्यार्थीहरूलाई जनसङ्ख्या नमुनाको रूपमा लिइएको छ ।

यस अध्ययनमा झापा जिल्ला कनकाई नगरपालिकाभित्रका जामुनवारी मावि, दुर्गापुर मावि तथा कनकाई माविमा कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्या क्षेत्रका रूपमा लिइने छ ।

## नमुना छनोट

अनुसन्धानलाई निश्चित क्षेत्रभित्र सीमित गरिए पनि आवश्यक स्रोत साधनको अभावमा सम्पूर्ण जनसङ्ख्यालाई समावेश गर्न गाह्रो पर्ने भएकाले नमुनाका रूपमा केही जनसङ्ख्यालाई मात्र समावेश गरिएको छ । नमुना छनोट अनुसन्धानको आधार स्तम्भ हो । प्रस्तुत शोधकार्यको लागि नमुना छनोट गर्दा उक्त अनुसन्धानकर्ताद्वारा नेपालभरिका जिल्लाहरूमध्ये भौगोलिक विविधता तथा जातीयतामा आधारमा झापा जिल्लामा मात्र सीमित रहेको छ । झापा जिल्लाको कनकाई नगरपालिकाभित्रका जामुनवारी मावि, दुर्गापुर मावि तथा कनकाई माविबाट कक्षा सातमा पढ्ने मातृभाषी १०/१० जना तथा दोस्रोभाषी १०/१० विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएर अध्ययन गरिएको छ ।

## मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको बोधगम्यताको स्थिति

विद्यार्थीहरूको भाषिक प्रयोग हेर्न कक्षा सातको नेपाली किताबबाट विभिन्न समाविष्ट कथाहरूबाट बोधमूलक प्रश्न तयार गरिएको थियो । जसअनुसार तीनवटा विद्यालयबाट छात्रछात्रा पहिलोभाषी १० र छात्रछात्रा दोस्रोभाषी १० गरी जम्मा ६० जना विद्यार्थीहरूलाई लिइयो । ती विद्यालयहरू निम्न अनुसार उल्लेख गरिएका छन् :

तालिका नं. १ : भाषाको प्रकृतिको आधारमा विद्यालयका विद्यार्थीको छनोट

| सि.नं | भाषाको प्रकृति | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १. | मातृभाषी | कनकाई मावि, सुरुङ्गा | १० |
| २. | दोस्रोभाषी | ,, | १० |
| ३. | मातृभाषी | सरस्वती मावि, जामुनवारी | १० |
| ४. | दोस्रोभाषी | ,, | १० |
| ५. | मातृभाषी | दुर्गापुर भृकुटी मावि, दुर्गापुर | १० |
| ६. | दोस्रोभाषी | ,, | १० |
| | जम्मा सङ्ख्या | | ६० |

स्रोत: स्थलगत अध्ययन, २०७४

## सामग्री निर्माण

कुनै पनि अध्ययन अनुसन्धानका लागि परीक्षणका सामग्रीहरूको निर्माण गर्नुपर्ने हुन्छ। त्यसै गरी यस अध्ययनका लागि पनि विद्यार्थीहरूको बोध क्षमताको परीक्षण गर्न विभिन्न प्रकारका सामग्रीहरूको निर्माण गरिएको छ। प्रस्तुत अध्ययनको लागि हाम्रो नेपाली किताब कक्षा सातमा समाविष्ट कथाहरू चयन गरी विद्यार्थीको स्तरलाई ध्यानमा राखी अनुच्छेद छनोट गरी प्रश्नहरू तीन अनुच्छेदमा जम्मा ८० थिए। प्रश्नपत्र खाली ठाउँ भर्नुपर्ने थियो ।

निष्कर्षमा भर्नुपर्दा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरूमा बोधगम्य क्षमता कति रहेछ ? भनेर तुलनात्मक रूपमा परीक्षण गर्नु थियो। यो परीक्षण विश्वसनीय होस् भन्नका खातिर बन्द परीक्षण विधि अपनाइयो।

## परीक्षणको कार्यान्वयन

प्रस्तुत अध्ययनका लागि परीक्षणीय सामग्रीहरूलाई अन्तिमरूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानध्यापकसँग एवंम् सम्बन्धित विषयमा शिक्षकहरूसँग सर्म्पक गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराइदिनुहुन अनुरोध गरियो। त्यसपछि परीक्षणका क्रममा विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो क्षमता प्रस्तुत गर्नका लागि सहज वातावरण बनाउने उद्देश्यले केही समय परिचय तथा पढाइ सम्बन्धी विषयमा कुराकानी गरियो। त्यसपछि विद्यार्थीहरूलाई शान्त, स्वच्छ एवम् भयरहित वातावरण सिर्जना गर्नका लागि परीक्षा सञ्चालन पूर्वपरीक्षणबाट प्राप्त अङ्कलाई गोप्य राखिने कुरामा विश्वस्त पारियो।

परीक्षाबाट प्राप्त अङ्कलाई बढीभन्दा बढी विश्वसनीय बनाउनका लागि मर्यादा विपरीत विद्यार्थीबाट हुन सक्ने सम्भावित अनियमित क्रियाकलापप्रति विशेष सजगता अपनाइ परीक्षणपूर्व सञ्चालनको क्रममा उनीहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा अवगत गराइयो। त्यसपछि परीक्षाको समयावधि तयार गरी परीक्षा सञ्चालन गरियो।

परीक्षाको अवधिभर कक्षाको वातावरणलाई खलबल पुऱ्याउने तत्त्वहरूलाई पूर्णतः नियन्त्रण गरिएको थियो। परीक्षाको न्युनतम समय नतोकिए तापनि अधिकतम १:३० मिनेटको समय दिइएको थियो भने छुट्टै उत्तरपुस्तिकामा उत्तर दिने व्यवस्था नमिलाई प्रश्नपत्रमा नै उत्तर लेख्ने व्यवस्था मिलाइएको थियो। तोकिएको समयावधि सकिएपछि उत्तर पुस्तिका सङ्कलन गरिएको थियो।

## तथ्याङ्कको सङ्कलन तथा विश्लेषण

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि दुई प्रकारका स्रोतहरूको उपयोग गरिएको छ।

सामग्री निर्माण गरी सम्पन्न गरिएको परीक्षणबाट विद्यार्थीहरूले प्राप्त गरेको अङ्क नै यस अध्ययनको तथ्याङ्क हो। उपयुक्त परीक्षण पश्चात उत्तरकुञ्जिका तयारीका साथ उत्तरहरूको कठोर अङ्कन विधिका आधारमा परीक्षण गरियो। हरेक ठीक उत्तरका लागि एक (१) अङ्क र बेठीक उत्तरका लागि शून्य (०) अङ्क दिइयो। सम्पूर्ण ठीक उत्तरहरूको गणना गरी उत्तरकुञ्जिकाको सिरानमा जम्मा प्राप्ताङ्क अङ्कित गरियो। परीक्षण गरिएको

उत्तरकुञ्जिकाहरूलाई क्रमानुसार राखियो । यसरी प्राप्त अङ्कहरूलाई त्यस विद्यालयको भाषिक पृष्ठभूमि र मातृभाषी तथा दोस्रोभाषीका आधारमा चलहरूको मान निकाली तालिकाबद्ध गरियो ।

उक्त अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषणका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजाको आधारमा सम्पूर्ण विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा कति प्रतिशतमाथि वा तल छन् भनेर गणना गरियो र उद्देश्य अनुरूप बोधगम्यताको क्षमता हेर्न पनि त्यही प्रक्रिया अगालियो । यसरी नै उच्चतम स्थानमा पर्ने तथा न्युनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन पनि प्रतिशतको प्रयोग गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूको स्थिति अवलोकन गरियो । समूहगत र समग्र आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालिइयो ।

यस अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्न रहेका छन्:

क) प्रतिशताङ्क गणना गर्न उपयोगितामा ल्याइएको सूत्र $P = \frac{R}{T} 100$

यहाँ $P$ = प्रतिशत

$R$ = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

$T$ = विद्यार्थी संङ्ख्या

ख) मध्यमान निकाल्न प्रयोग ल्याइएको सूत्र $N = \frac{\sum x}{N}$

यहाँ x- = मध्यमान

$\sum x$ (सिग्मा योगफल भन्ने अर्थ लाग्छ)

$\sum x$ = x हरूको मुल योग $N$ = जम्मा सङ्ख्या

x = तथ्याङ्गलाई जनाउने, प्राप्ताङ्कलाई जनाउने

ग) मानक विचलन गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \frac{\sqrt{\sum x^2 - \left(\left(\sum x^2 /N\right)\right.}}{N}$$

यहाँ, $\sigma$ मानक विचलन

$\sum$ = सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

$\sum \boldsymbol{x}$ =प्राप्ताङ्कको कुल योग

N= परीक्षार्थीको सङ्ख्या

$(\sum x)^2$ =प्राप्ताङ्कको कुल योग वर्ग

घ) श मान गणना गर्दा प्रयोगमा आएको सूत्र

$$\frac{X_1 - X_2}{\frac{\sqrt{S^2 1 + S^2 2}}{N_1 N_2}}$$

यहाँ, $X_1$= पहिलो समूहको मध्यमान

$X_2$ = दोस्रो समूहको मध्यमान

$S_1$ = पहिलो समूहको मानक विचलन

$S_2$ = दोस्रो समूहको मानक विचलन

$n_1$ = पहिले समूहको जम्मा सङ्ख्या

$n_2$ = दोस्रो समूहको जम्मा सङ्ख्या

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूमा नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरूप्रति बोधगम्यताको स्थिति पत्ता लगाउने, तुलनात्मक विश्लेषण गर्ने लैङ्गिक दृष्टिले बोधक्षमता पहिल्याउने जस्ता उद्देश्य राखिएको छन् । उक्त उद्देश्य पदपूर्तिका लागि अध्याय तिनमा उल्लेख गरिएको छ ।

हाम्रो नेपाली किताब कक्षा सातमा समाविष्ट कथाहरूको सरल र जटिलक्रमको विवरण र तिनको कठिनाइ स्तर आधारमा झापा जिल्लाका विभिन्न तीनवटा सरकारी विद्यालयहरूका जम्मा ६० जना पहिलो भाषा$_{१}$ र दोस्रो भाषा$_{२}$ विद्यार्थीहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। उक्त तथ्याङ्कलाई तालिका, प्रतिशत गणना, मध्मकमानमा तुलनात्मक व्याख्या गर्न र परीक्षण लगायत साङ्खिकीय विधिको प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको सरल र जटिलक्रमको आधारमा विश्लेषण

तालिका नं. २ : कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको सरल र जटिलक्रमको आधारमा विश्लेषण

| क्र.स | पाठको क्रमानुसार अनुच्छेद झिकिएको | प्रति अनुच्छेद प्रश्न सङ्ख्या | मानक विचलन | मध्यमान सङ्ख्या | उपलब्धि प्रतिशत | जटिलताको क्रम बढ्दो क्रममा |
|---|---|---|---|---|---|---|
| १. | मामालाई सुधार्ने भान्जो | १० | ३.०६ | १५.७२ | ८३.३३ | ३ |
| २. | सात दिने सभा | १० | २.११ | १६.६१ | ९१.६६ | १ |
| ३. | सुन उगेल्ने भाले | ५ | १.७३ | ६.९१ | ७८.३३ | ४ |
| ४. | बोधिसत्वको कथा | ५ | १.१३ | ७.१६ | ८८.३३ | २ |
| ५. | रिस र राक्षस | १० | ३.६२ | १२.४६ | ४६.७३ | ५ |
| ६. | बाक्लो दाल | १० | ५.४८ | ११.०७ | ६५ | ६ |

स्रोतः नेपाली कक्षा ७, २०७१

सङ्केत :

१ = सबैभन्दा सरल

२ = सरल

३ = मध्यम

४ = उपमध्यम

५ = जटिल

६ = सबैभन्दा जटिल

सहभागी विद्यार्थी सङ्ख्या = ६०

तालिका नं. १ मा उल्लेख गरिए अनुसार कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको सरल र जटिल क्रमलाई स्पष्ट पारेको छ। जम्मा ६ वटा समावेश भएको कथा उपलब्धि प्रतिशतका आधारमा आकलन गरिएको छ। उक्त प्रतिशतलाई हेर्दा क्रमशः ९१.६६, ८८.३३, ८३.३३, ७८.३३, ७३.३३ र ६५% रहेको पाइयो। झापा जिल्लाका छनोट गरिएका सीमित विद्यालयहरूमा गरिएको मूल्याङ्कनका आधारमा यो निष्कर्ष निकालियो।

यस अनुसार सरलबाट जटिल क्रममा राख्दा क्रमशः कथाहरू मामालाई सुधार्ने भान्जो, सात दिने सभा, सुन उगेल्ने भाले, बोधिसत्वको कथा, रिस र राक्षस र बाक्लो दाल क्रमबद्ध सरलबाट जटिल रूपमा रहेको पाइयो। तालिकामा सम्पूर्ण पाठको मध्यमान मानक विचलन पनि देखाइएको छ। समग्र कथालाई हेर्दा सबैभन्दा सरल कथा सात दिने सभा रहेको पाइयो। जसको उपलब्धि र प्रतिशत ९१.६६ रहेको छ भने मध्यमान १६.६१ र मानक विचलन २.११ रहेको पाइयो। त्यस्तै दोस्रो सरल कथाका रूपमा बोधिसत्व कथा रहेको पाइयो जसको उपलब्धि प्रतिशत ८८.३३ रहेको छ भने मध्यमान ७.१६ रहेको छ। पाँच प्रश्न समावेश भएको यो कथाको दश पूर्णाङ्कका आधारमा उपलब्धि मापन गरेर हेर्दा बोधिसत्वको कथा पनि सरल रूपमा रहेको पाइयो। तीन, चार सङ्केतले छुट्याइएका कथाहरू क्रमशः मामालाई सुधार्ने भान्जो र सुन उगेल्ने भाले मध्यम खालका कथा मान्न सकिन्छ। यहाँ तालिका अनुसार मामालाई सुधार्ने भान्जो कथाको उपलब्धि ८३.३३ छ भने मध्यमान १५.७२ र मानक विचलन ३.०६ रहेको देखियो। सुन उगल्ने कथाको कथाको

उपलब्धि विश्लेषण गर्दा उपलब्धि प्रतिशत ७८.३४ रहेको छ भने यसको मध्यमान ६.९१ रहेको पाइयो । यस आधारमा यस कथालाई मध्यम मानिन्छ ।

पाठ्यपुस्तकको अन्त्यमा रहेका पाठहरू अन्तर्गत 'रिस र राक्षस' कथाको उपलब्धि प्रतिशत ७३.३३ छ भने मानक विचलन ३.७२ रहेको देखिन्छ । यस कथाको मध्यमान १२.७८ रहेको पाइयो । तुलनात्मक रूपमा अन्य कथाका आधारमा यस कथालाई जटिल मानिन्छ । बाक्लो दाल कथाको विश्लेषण गर्दा यस कथाको मानक विचलन ५.४८ रहेको छ भने मध्यमान ११.६ रहेको पाइयो । यस कथाको उपलब्धि प्रतिशत ६५ प्रतिशत रहेको पाइयो । समग्र तालिकालाई हेर्दा यो सबैभन्दा कम उपलब्धि प्रतिशत रहेको मानिन्छ । त्यसैले यसका आधारमा यो कथा सबैभन्दा जटिल रहेको पाइयो ।

तालिका नं. १ लाई हेर्दा सबैभन्दा सरल कथा सातदिने सभा रहेको देखिन्छ । अन्य कथाको तुलनामा यस कथाको स्तम्भ उच्च रहेको छ । त्यसैले यस कथालाई अन्य कथाको तुलनामा सबैभन्दा सरल कथा मान्न सकिन्छ । त्यसैले बोधिसत्व कथा र सातदिने कथा तुलनात्मक रूपमा तीन प्रतिशतले मात्र अन्तर रहेकाले बोधिसत्व कथालाई पनि सरल मान्न सकिन्छ । 'मामालाई सुधार्ने भान्जो' र 'सुन उगेल्ने भाले' कथा अन्य कथाको तुलनामा मध्यम खालको देखिन्छ भने 'रिस र राक्षस' र 'बाक्लो दाल' बढी कठिन रहेको देख्न सकिन्छ ।

### समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण

प्रस्तुत शोधपत्र भाषिक दृष्टिले मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बोधगम्यताको स्थिति पत्ता लगाइ लिङ्गका आधारमा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको बोधगम्यताको स्थितिको अध्ययन गर्नु रहेको छ ।

तालिका नं ३ : समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण

| कुल सङ्ख्या | समग्र मानक विचलन | समग्र मध्यकमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने | | मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | १०.७५ | ७१.४३ | भाषिक पृष्ठभूमि | | | | | |
| | | | भाषा १ | ३० | १२ | ४० | १८ | ६० |
| | | | भाषा २ | ३० | १९ | ६३.३३ | ११ | ३६.६६ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ३० | १५ | ५० | १५ | ५० |
| | | | छात्रा | ३० | १७ | ५६.६६ | १३ | ४३.३३ |


स्रोत: नेपाली कक्षा ७, २०७१

तालिका नं. २ मा प्रस्तुत तालिकामा विद्यार्थी सङ्ख्या ६० र समग्र मध्यमान ७१.४३ लाई आधार समूहको प्रस्तुत पाठ्यपुस्तकका समाविष्ट कथाको बोधगम्यताको स्थिति प्रस्तुत गरिएको छ। भाषिक पृष्ठभूमिको दृष्टिले पहिलो भाषा नेपाली हुने र पहिलो भाषा नेपाली नहुने विद्यार्थीहरूको सङ्ख्या क्रमश: ३०/३० समावेश गरिएको थियो। समग्र मध्यमान ७१.७४ लाई आधार बनाई विभिन्न समूहको प्रस्तुत पाठ्यपुस्तकका समाविष्ट कथाको बोधगम्यताको स्थिति प्रस्तुत गरिएको छ।

भाषिक पृष्ठभूमिको दृष्टिले पहिलो भाषा नेपाली हुने र पहिलो भाषा नेपाली नहुने विद्यार्थीहरूको सङ्ख्या क्रमश: ३०/३० समावेश गरिएको थियो। समग्र मध्यमान ७१.७४ लाई आधारबिन्दु बनाएर विश्लेषण गर्दा पहिलो भाषा तर्फ १२ अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा बढी अङ्क ल्याउने रहेका छन्। त्यस्तै नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू ३० जना मध्ये १९जना अर्थात ६३.३३ प्रतिशत मध्यमान भन्दा कम प्राप्ताङ्क ल्याउने छन् भने ११ अर्थात् ३६.६६ प्रतिशत विद्यार्थी मध्यमान भन्दा बढी अङ्क ल्याउने छन्। यी तथ्यहरूलाई केलाउँदा निदिष्ट कथा पहिलो भाषा नेपाली हुने हुने विद्यार्थीहरूको तुलनात्मक रूपमा दोस्रो भाषा नेपाली हुनेहरूको भन्दा बढी बुझ्न सक्ने देखिन्छ। निदिष्ट पाठ्यपुस्तकमा समाविष्ट कथाको समग्र मध्यमान ठिकै रहे तापनि दुई समूहबीचको

तुलनात्मक रूपमा अन्तर रहेको देखिन्छ । पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूको सङ्ख्या तुलनात्मक रूपमा दोस्रो भाषा प्रयोग गर्ने विद्यार्थीहरूको भन्दा बढी रहेकाले निदिष्ट कथाहरू नेपाली मातृभाषीका लागि बढी बोधगम्य रहेको र दोस्रोभाषीलाई  कम बोधगम्य रहेको कुरा स्पष्ट देखिन्छ ।

चित्र नं. १ : समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण




पहिलो भाषा र दोस्रो भाषाको विश्लेषण गर्दा पहिलो भाषाका विद्यार्थीमा मध्यमानभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या थोरै देखिन्छ भने मध्यमानभन्दा बढी अङ्क आउनेको सङ्ख्या धेरै देखिन्छ । त्यसैले पहिलो भाषी विद्यार्थीहरूमा मध्यमानभन्दा बढी बोधगम्य रहेको देखिन्छ । त्यस्तै दोस्रो विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क ल्याउनेको तुलनामा कम अङ्क ल्याउनेको सङ्ख्या ज्यादा अर्थात् १६ जना रहेकाले यस चित्रलाई हेर्दा तुलनात्मक रूपमा दोस्रोभाषीलाई निर्दिष्ट कथाहरू बढी बोधगम्य रहेको पाइन्छ ।

पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरूलाई निर्दिष्ट कथा तुलनात्मक रूपमा कम बोधगम्य रहेको देखिन्छ । त्यस्तै छात्र र छात्राको तथ्याङ्कलाई हेर्दा छात्रको भन्दा छात्राको तथ्याङ्कमा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या धेरै भएकाले छात्राहरूलाई निर्दिष्ट कथा कम बोधगम्य रहेको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ ।

पहिलो भाषिभन्दा दोस्रोभाषी विद्यार्थीहरूलाई निर्दिष्ट कथा तुलनात्मक रूपमा कम बोधगम्य रहेको देखिन्छ। त्यस्तै मातृभाषीभन्दा दोस्रोभाषी विद्यार्थीहरूको तथ्याङ्कमा कम अङ्क भएकाले कम बोधगम्य रहेको कुरा स्पष्ट रूपमा देख्न सकिन्छ।

## लैङ्गिक दृष्टिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको बोधगम्यताको तुलनात्मक स्थिति

तालिका नं. ४ : लैङ्गिक दृष्टिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको बोधगम्यताको तुलनात्मक स्थिति

| लिङ्ग | सङ्ख्या | मध्यमान | मानक विचलन | जेट मान |
|---|---|---|---|---|
| छात्र | ३० | ७१.८५ | ५.०८ | ०.८९ |
| छात्रा | ३० | ७३.११ | ६.०२ | |

स्रोतः नेपाली कक्षा ७, २०७१

उपयुक्त तालिकामा छात्रतर्फ ३० जना र छात्रातर्फ पनि ३० जना नै रहेका छन्। छात्रतर्फ मध्यमान ७३.११ र मानक विचलन ५.०८ रहेको छ। भने छात्रातर्फ मध्यमान ७३.११ र मानक विचलन ६.०२ रहेको छ। उक्त तथ्यलाई विश्लेषण गरी हेर्दा सामान्य अन्तर पाइएता पनि “जेट, परीक्षण द्वारा तुलना गरी हेर्दा ०.८९ पाइएकाले छात्र र छात्रतर्फ बोधगम्यताको क्षमतामा ठुलो अन्तर रहेकोले पनि छात्रा र छात्रातर्फ बोधगम्यताको क्षमतामा ठूलो अन्तर रहेकाले पनि छात्रा र छात्रमा तुलना गरी हेर्दा निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट कथाहरू सन्तोषप्रद भने देखिँदैनन्।

**भाषिक पृष्ठभूमिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको तुलना**

तालिका नं. ५ : भाषिक पृष्ठभूमिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको तुलना

| भाषिक पृष्ठभूमि | सङ्ख्या | | | मध्यमान | | मानक विचलन | जेट, मान |
|---|---|---|---|---|---|---|---|
| पहिलो भाषा | ३० | | | ७४.८६ | | ११.४४ | ७.२९ |
| | | मध्मयमान भन्दा कम अङ्क | प्रतिशत | मध्यमान भन्दा बढी अङ्क | प्रतिशत | | |
| | | १४ | ४६.६६ | १६ | ५३.३३ | | |
| दोस्रो भाषा | ३० | | | ६८.३५ | | १०.९९ | |
| | | १६ | ५३.३३ | १४ | ४६.६६ | | |


स्रोतः नेपाली कक्षा ७, २०७१

तालिका नं. ३ विश्लेषण नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरू क्रमशः ३०/३० जना रहेका छन् । नेपाली पहिलो भाषा हुने समूहको मध्यमान ७४.८६ र मानक विचलन ११.४४ रहेको छ भने मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने सङ्ख्या १४ अर्थात् ४६.६६ छ र मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १६ अर्थात् ५३.३३ रहेको पाइयो । यस आधारलाई हेर्दा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरूलाई यस पाठ्यपुस्तकमा समाविष्ट कथा बढी बोधगम्य रहेको देखियो । दोस्रो भाषा नेपाली हुने समूहको मध्यमान ६८.३५ र मानक विचलन १०.९९ रहेको छ । यस मध्यमानको आधारमा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी १६ अर्थात् ५३.३३ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी १४ अर्थात् ४६.६६ प्रतिशत रहेको देखियो । यस आधारमा पहिलो भाषा र दोस्रो भाषाको स्थितिलाई हेर्दा यी दुई बिच अन्तर पाइयो । त्यस्तै अङ्कहरूबीच विचलित अवस्था पाइयो । पहिलो भाषीले मध्यमानभन्दा कम अङ्क ल्याउने प्रतिशत ४६.६६ र दोस्रो भाषाको रूपमा नेपाली प्रयोग गर्ने मध्यमानभन्दा कम अङ्क ल्याउने प्रतिशत ५३.३३ प्रतिशतलाई तुलना गर्दा ६.६६ प्रतिशतले अन्तर रहनुले दोस्रो भाषाको रूपमा नेपाली प्रयोग गर्नेलाई निर्दिष्ट कथा कम बोध गर्ने रहेको देखिन्छ । ०.०५

तहको सार्थकतामा "जेट, मान" ७.५९ हुनु र मध्यमानमा अन्तर देखिनुले यी समूह बिजातीय रहेको कुरालाई स्पष्ट पार्दछ ।

यी दुवैलाई तुलना गर्दा नेपाली दोस्रो भाषा हुनेहरू भन्दा पहिलो भाषा हुनेहरूको बोधगम्यताको स्थिति राम्रो भएको प्रमाणित हुन आउँछ । अतः नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूका लागि उक्त पुस्तकमा समाविष्ट कथाहरू केही मात्रामा कठिन भएको देखिन्छ ।यसर्थ पाठ्यपुस्तकमा कथाहरू समावेश गर्दा भाषिक पृष्ठभूमि पनि ख्याल राख्नुपर्ने कुरा स्पष्ट हुन आउने देखिन्छ । यसलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

चित्र नं. २ : भाषिक पृष्ठभूमिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको तुलना




चित्र नं. ३ लाई हेर्दा सबैभन्दा सरल कथा सात दिने सभा रहेको देखिन्छ । अन्य कथाको तुलनामा यस कथाको स्तम्भ उच्च रहेको देखिन्छ । यसको उपलब्धि प्रतिशत पनि उच्च रहेको छ । त्यसैले यस कथालाई अन्य कथाको तुलनामा सबैभन्दा सरल कथा मान्न सकिन्छ । त्यस्तै बोधिसत्व कथा र मामालाई सुधार्ने भान्जो कथा तुलनात्मक रूपमा केही कम देखिन्छ । 'सुन उगेल्ने भाले' अन्य कथाको तुलनामा मध्यम खालको देखिन्छ । त्यसैगरी 'रिस र राक्षस' कथा केही जटिल देखिन्छ भने बाक्लो दाल तुलनात्मक रूपमा बढी जटिल रहेको देख्न सकिन्छ ।

## भाषिक पृष्ठभूमिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको तुलना

तालिका नं. ६ : भाषिक पृष्ठभूमिको आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको तुलना

| भाषिकता | सङ्ख्या | मध्यमान | मानक विचलन | जेट मान |
|---|---|---|---|---|
| भाषा१ | ३० | ७८.०७ | ४.१८ | ८.७४ |
| भाषा२ | ३० | ६६.८८ | ५.६७ | |

स्रोतः नेपाली कक्षा ७, २०७१

उपयुक्त तालिकामा नेपाली पहिलो भाषा हुने र दोस्रो भाषा हुने विद्यार्थीहरू क्रमशः ३०/३० जना रहेका छन्। नेपाली पहिलो भाषा हुने समूहको मध्यमान ७८.०७ र मानक विचलन ४.१८ रहेको छ। दुवै समूहका बीच तुलना गर्दा उनीहरूबीच बोधगम्यता सामान्य अन्तर रहेको पाइन्छ यस कुरालाई ०.०५ तहको सार्थकतामा जेटको मान ८.७४ हुनु र मध्यमानमा पनि केही अन्तर हुनुले स्पष्ट पार्दछ। दुवै समूहलाई तुलना गर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरू भन्दा पहिलो भाषी विद्यार्थीको बोधगम्यताको स्थिति केही राम्रो भएको प्रमाणित पाइयो। अतः दोस्रोभाषी विद्यार्थीहरूका लागि उक्त पुस्तकमा समाविष्ट कथाहरू कठिन भएको देखिन्छ। यसर्थ पाठ्यपुस्तकमा कथाहरू राख्दा भाषिक पृष्ठभूमिको पनि ख्याल राख्नुपर्ने कुरा स्पष्ट हुन आउँछ।

# अध्याय पाँच

## सारांश, निष्कर्ष, उपयोगिता र सुझाव

### सारांश

सुनेका वा पढेका सामग्रीहरूको बुझ्ने क्षमता वा सीप जान्ने वा बुझ्ने कामलाई बोध भनिन्छ । भाषा पाठ्यपुस्तकमा विधाको छनोट गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमताको ख्याल गर्नु । छवटा कथाहरूको सीमित स्थानका ६० जना विद्यार्थीहरू माझमा बोधगम्यताका आधारमा कक्षा सातका नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको अध्ययन विश्लेषण गर्दा निर्दिष्ट कथाहरू समग्रमा हेर्दा सरल रहे तापनि समूहगत रूपमा हेर्दा नेपाली मातृभाषीलाई सरल र सहज भए तापनि दोस्रोभाषी विद्यार्थीहरूलाई केही कठिन भएको देखिन्छ । त्यस्तै छात्र र छात्राहरूबीचमा तुलना गर्दा निर्दिष्ट कथाहरू छात्रहरूलाई भन्दा छात्राहरूलाई कम बोधगम्य भएको पाइन्छ । समग्रमा कथाहरूको बोधगम्यता क्षमता सामान्य रहे तापनि कथाको कठिनाइ स्तरलाई नियाल्दा विद्यार्थीहरूको उपलब्धि आधारमा 'सात दिने सभा' कथा सरल र 'बाक्लो दाल' सबैभन्दा जटिल रहेको देखिन्छ । समग्रमा कथाको उपलब्धि प्रतिशत रामै रहे तापनि 'मित्रता', 'सात दिने सभा' कथा र 'बाक्लो दाल' ३० प्रतिशतले अन्तर रहेकाले तुलनात्मक रूपमा 'बाक्लो दाल' कथा जटिल देखिन्छ ।

### निष्कर्ष

एम.एड. दोस्रो वर्षको पाँचौं पत्र ५९८ को प्रयोजनार्थ बोधगम्यताका आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको अध्ययनका क्रममा यस झापा जिल्लाका तीन विद्यालयहरूमा स्थलगत भ्रमण गरी पाठ्यपुस्तक प्रयोगकर्ता, शिक्षक र विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरेर विद्यार्थीहरूको प्रश्नावलीको परीक्षणबाट उनीहरूको बोधगम्यताको तुलनात्मक अध्ययन गरियो ।

यस अध्ययनका क्रममा आवश्यकीय तथ्यहरूको अध्ययन गरी पाइएका सकारात्मक तथा नकारात्मक तथ्यहरू यसै शोधपत्रमा समावेश गरिएका छन् । यस अध्ययनमा पाइएका आवश्यक कुराहरूको निष्कर्षलाई निम्नअनुसार उल्लेख गरिएको छ :

क) मातृभाषी र दोस्रोभाषी विद्यार्थी हुन् । जुन नेपालका सरकारी तथा निजी विद्यालयमा जहाँ यस पाठ्यक्रम लागु गरिएका विद्यार्थीहरू छन् । यसरी नेपाली पाठ्यपुस्तकमा

समाविष्ट कथाहरू समान रूपमा बोधगम्य हुने अपेक्षा गरिएको हुन्छ तर नमुनामा लिइएका त्यस्तो क्षेत्रका विद्यार्थीहरू प्रस्तुत पाठ्यपुस्तकमा बोधगम्य भएको पाउन सकिएको छैन ।

ख) समग्र मध्यमानलाई आधार मानेर विद्यार्थीहरूको बोधगम्यता क्षमताका प्रतिशताङ्क स्थिति गणना गर्दा ४६.६६ प्रतिशत विद्यार्थीहरूको बोधगम्यता क्षमता मध्यमानभन्दा माथि देखियो भने ५३.३३ प्रतिशत विद्यार्थीहरूको बोधगम्यता क्षमता मध्यमानभन्दा तल देखिएकाले समग्र विद्यार्थीहरूको निर्दिष्ट कथाको बोधगम्यता क्षमता सामान्य मान्न सकिन्छ ।

ग) समग्र मध्यमान ७१.४३ लाई आधार मानेर नेपाली दोस्रोभाषी विद्यार्थीको बोधगम्यता क्षमता गणना गर्दा मध्यमानभन्दा माथि ३६.६६ प्रतिशत र मध्यमानभन्दा तल ६३.३३ प्रतिशत रहनुले यस पाठ्यपुस्तकका कथा मातृभाषिका विद्यार्थीको तुलनामा दोस्रोभाषीका दोस्रो विद्यार्थीको लागि कम बोधगम्य रहेको प्रतीत हुन्छ ।

घ) निर्दिष्ट कथाहरूको मध्यमान समग्र उपलब्धि र मानक विचलनलाई केलाएर विश्लेषण गर्दा सबैभन्दा सरल कथा 'सात दिने सभा' रहेको छ जसको उपलब्धि प्रतिशत ९१.६६ रहनुले प्रमाणित गर्दछ ।

ङ) निर्दिष्ट कथाहरूको मध्यमान, समग्र उपलब्धि र मानक विचलनलाई विश्लेषण गर्दा सबैभन्दा जटिल कथाका रूपमा 'बाक्लो दाल' रहेको छ। जसको उपलब्धि ६५ प्रतिशत रहेको देखिन्छ। जुन सबैभन्दा सरल कथाको तुलनामा २५ प्रतिशतले बढी जटिल रहेको देखिन्छ ।

च) निर्दिष्ट कथाहरूमध्ये 'बोधिसत्वको कथा', 'मामालाई सुधार्ने भान्जो', र 'सुन उगेल्ने भाले' कथाको उपलब्धिलाई हेर्दा मध्यम खालका कथाहरू रहेका देखिन्छन् ।

छ) भाषिक पृष्ठभूमिलाई मात्र आधारमान्दा पहिलो भाषाको मध्यमान ७४.०६ छ भन्ने मानक विचलन ११.४४ रहेको छ। त्यस्तै दोस्रो भाषाको ६८.३५ र मानक विचलन १०.९९ रहेको देखिन्छ। यस आधारमा मध्यमानमा लगभग ६ प्रतिशतको अन्तर रहनुले पहिलो भाषाको बोधगम्यता क्षमता दोस्रो भाषाको भन्दा बलियो रहेको पुष्टि हुन्छ। त्यस्तै जेटको मान ७.५९ हुनुले पनि यस कुरालाई अझ स्पष्ट पार्दछ ।

ज) विद्यार्थीहरूलाई लैङ्गिक समूहमा बाँडेर हेर्दा समग्र छात्र विद्यार्थीहरूको बोधगम्यता क्षमतालाई मध्यमानका आधारमा तुलना गर्दा ५९.२७ प्रतिशत छात्र विद्यार्थी मध्यमान भन्दा माथि र ४०.७२ प्रतिशत, विद्यार्थी मध्यमानभन्दा तल रहनाले बोधगम्यता क्षमता सामान्य रहेको देखिन्छ। यसै गरी छात्रा ६०.४८ प्रतिशत मध्यमान मध्यमानभन्दामाथि र ३९.५१ प्रतिशत मध्यमानभन्दा तल रहनुले छात्रहरूको भन्दा छात्राहरूको बोधगम्यता क्षमता केही उच्च रहे तापनि छात्रछात्राबीच खासै अन्तर नभएको देखिन्छ ।

झ) प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट कथाहरू दोस्रोभाषी विद्यार्थीहरूको लागि कथाहरूको कठिनाइ स्तरलाई विश्लेषण गरी हेर्दा कठिन भएको देखिन्छ ।

## उपयोगिता

शोधार्थीले प्रस्तुत अध्ययन नीति निर्माण र व्यवहारिक पक्षको आधारमा निम्न लिखित शैक्षणिक उपयोगिता भएको अनुभव बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) यस अध्ययनबाट भाषा पाठ्यपुस्तक मात्र नभएर अन्य पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, क्षमता, तह, स्तर मनोविज्ञान आदिलाई विचार पुर्‍याइ पाठ्यपुस्तक निर्माण तथा विषयवस्तुको सङ्गठन गर्नुपर्ने कुरा सम्बन्धित निकायलाई जानकारी दिई भावी पाठ्यसामग्री निर्माणमा सहयोग पुर्‍याउने छ ।

ख) यस पाठ्यपुस्तक प्रकाशन गर्ने नेपाल सरकार, शिक्षा मन्त्रालय अर्न्तगत पाठ्यक्रम विकास केन्द्रको यस शोध शीर्षक अध्ययनको लागि महत्त्वपूर्ण योग्य सावित भएको छ ।

ग) यस अध्ययनले निम्न माध्यमिक तहको कथा विधाको बोधगम्यता क्षमता अध्ययन गर्न चाहनेका लागि सहयोग पुर्‍याउँछ ।

घ) यस अध्ययनले नेपाली बिषयप्रति हेलचेक्र्याइ गर्ने प्रवृत्तिमा सुधार ल्याउने प्रयास गर्न छ ।

ङ) निम्न माध्यमिक तहमा अध्यापन गर्ने भाषा शिक्षकका लागि सहयोगी हुन्छ ।

च) यस अध्ययनले पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई अधिराज्यका सम्पूर्ण पाठकमा पसी निर्माण गर्न सुझाव दिनेछ ।

छ) यस अध्ययनले भाषा पाठ्यपुस्तक निर्माण गर्दा भाषिक पृष्ठभूमि, सरल र जटिल क्रमलाई अनिवार्य ख्याल गनुपर्ने कुरा अवगत गराउँछ ।

ज) यस अध्ययनले कथा त हो भन्ने हेलचेक्र्याइ गर्ने प्रवृतिमा सुधार ल्याउने छ ।

झ) यस अध्ययनले भाषिक पाठ्यपुस्तकको मूल्याङ्कनमा सहयोग पुऱ्याउने छ ।

ञ) यस अध्ययनले भाषा पाठ्यपुस्तक निर्माणकर्तालाई 'बन्द' परीक्षण विधिबाट उपयुक्त पाठ्य सामग्रीको छनोट निर्माणमा सहयोग पुऱ्याउने छ ।

ट) अध्ययनले पाठ्य सामग्रीको उपयुक्तताको महत्त्व दर्शाउने छ ।

ठ) उक्त अध्ययनले परीक्षा प्रणालीमा सुधार ल्याउनेछ ।

## सुझावहरू

प्रस्तुत अध्ययन मातृभाषा तथा दोस्रोभाषी विद्यार्थीहरूमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको अध्ययन शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ :

(क) बोधगम्यताका दृष्टिले प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कठिनाइ स्तर मातृभाषी दोस्रोभाषी विद्यार्थीहरूको बौद्धिक क्षमतालाई ख्याल गरेर सोही अनुकूल बनाउनु पर्दछ ।

ख) विद्यार्थीहरूको बोधगम्यता क्षमता अभिवृद्धि गर्नका लागि सबै तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सोही तहका विद्यार्थीहरूको बौद्धिक स्तर र रुचि क्षेत्रसँगै भाषा१ र भाषा२ पहिचान गरी तयार पानुपर्ने देखिन्छ ।

ग) भाषा पाठ्यपुस्तकमा विधाहरूको छनोट गर्दा विद्यार्थीहरूको भाषा, स्थानीयता, उमेर, कक्षा तह आदि पक्षलाई समेटी विषयवस्तुको छनोट एवंम् सङ्कलन गर्नुपर्ने देखिन्छ ।

घ) नेपाली भाषा दोस्रो भाषाको रूपमा प्रयोग गर्ने विद्यार्थीहरूको लागि बोध पक्ष कमजोर भएको हुँदा यसलाई ख्याल गर्दै विद्यार्थीको बौद्धिक क्षमता अभिवृद्धि गर्ने विभिन्न क्रियाकलाप समावेश गरेर शिक्षण गनुपर्ने देखिन्छ ।

ङ) निरर्थकभन्दा सार्थक ज्ञान तथा प्रयोगात्मक ज्ञानलाई बढी जोड दिनुपर्छ । जति सक्दो धेरै कक्षामा भाषिक क्षमताको अभिवृद्धि गर्ने खालको क्रियाकलाप समावेश गरिनुपर्ने देखिन्छ ।

च) कक्षा शिक्षणका क्रममा शिक्षक मात्र सक्रिय नभई विद्यार्थीलाई बढीभन्दा बढी सक्रिय बनाउनु पर्दछ । विद्यार्थी केन्द्रित शिक्षण विधिलाई कक्षामा अबलम्वन गर्नुपर्ने देखिन्छ ।

छ) पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्दा विभिन्न पक्षलाई मध्यनजर गरी र पानुपर्ने देखिन्छ । विभिन्न आधारहरूलाई ख्याल गरेर सोही अनुसारको विभिन्न स्तर र क्षमता भएका विद्यार्थीहरूको ख्याल गर्दै पाठ्यपुस्तक तयार पानुपर्ने देखिन्छ ।

ज) पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा राज्यका विभिन्न क्षेत्र, भाषा, जातजाति, उमेर जस्ता पक्षलाई महत्त्व दिएर त्यस पक्षलाई ख्याल गरेर सोही अनुसार सबै पक्षलाई समेटेर साझा धारणा निकाली तयार गनुपर्ने देखिन्छ ।

झ) नेपाली भाषा विषयप्रतिको हेलचेक्र्याइलाई हटाउनुपर्ने र कडा निगरानीका साथ पठनपाठन प्रक्रियालाई सुधार्नुपर्दछ ।

ञ) पाठ्यपुस्तक तयार पार्दा सरल र जटिल क्रमलाई ख्याल गदै विधाहरूको समावेश गनुपर्ने विधामा समावेश विषयवस्तुमा आवृत्तिलाई ख्याल गनुपर्ने देखिन्छ ।

ट) बोध क्षमता विकास गर्नका लागि विद्यार्थीहरूलाई भाषा पाठ्यपुस्तकका विषयवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानीयता, उमेर कक्षा तह आदि पक्षलाई समेटी विषय वस्तुको छनोट एवम् सङ्कलन गर्नुपर्दछ ।

ठ) सरकारी विद्यालय विद्यार्थीहरूको मातृ र विमातृ दुवै भाषी विद्यार्थीमा बोधगम्यता क्षमता कमजोर देखिएकाले नियमित पठन पाठनको व्यवस्था, विभिन्न सन्दर्भ सामग्री तथा पत्र पत्रिकाको व्यवस्था गरिनुपर्दछ ।

**अध्ययनका समस्या तथा कमीकमजोरीहरू**

प्रस्तुत अध्ययन कक्षा सातको नेपाली किताबका समाविष्ट कथाहरूको बोधगम्यताको तुलनात्मक स्थिति पत्ता लनाउन गरिएको हो । साथै सम्पूर्ण कक्षा सातमा अध्ययनरत छात्रछात्रालाई समावेश गराउन सकिने हुँदाहुँदै पनि यो सानो अध्ययनमा अध्येताले सीमित समय, स्रोत र साधनका आधारमा तयार पारिएको छ ।

कुनै पनि अध्ययन आफैमा पूर्ण र अन्तिम नहुने साथै विभिन्न सीमा तथा अवरोधहरूबाट मुक्त हुन नसक्ने हुँदोरहेछ। त्यसैले शोधार्थीले यो अध्ययन तयार पार्ने क्रममा झापा जिल्लाका केही सीमित विद्यालयलाई मात्र समावेश गर्न सफल भएको छ। वर्तमान अध्ययनमा रहेका कमीकमजोरीहरू निम्न अनुसार प्रस्तुत गरिन्छ :

(क) प्रस्तुत अध्ययन पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार पारिएको कक्षा सातको नेपाली किताबमा मात्र सीमित गरिएको छ।

(ख) यस अध्ययनको सिलसिलामा प्रयोग गरिएको पाठ्यपुस्तक सरकारी विद्यालय स्तरमा पढाइ हुने कक्षा सातको नेपाली किताबमा आधारित भई छात्रछात्रा दुवैलाई नमुनाको रूपमा छनोट गरिएको छ।

(ग) यस अध्ययनको प्रभाव क्षेत्र सम्पूर्ण नेपाल अधिराज्यभरि नै परीक्षण गर्न सकिने भए तापनि नमुना छनोटले अध्ययनलाई सीमित पारिएको छ। अध्यताको आफ्नो अनुकुलताले गर्दा झापा जिल्लालाई मात्र सीमाबद्ध गरिएको छ।

(घ) प्रस्तुत अध्ययनको क्रममा झापा जिल्लाका सामुदायिक तीन विद्यालयका १० पहिलोभाषी र १० दोस्रोभाषी गरी जम्मा ६० जना विद्यार्थीमा सीमित गराइएको छ।

(ङ) हाम्रो नेपाली किताब कक्षा सातमा सातवटा कथाहरू रहेका छन्। त्यसमध्ये परीक्षणका लागि १/१ अनुच्छेदहरू मात्र समावेश गराइएको छ।"

च) प्रस्तुत अध्ययनमा नमुना छनोट गरिएका विद्यार्थीहरूका भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति र लिङ्गका आधारमा कथाहरूको बोधगम्यता क्षमताको तुलनात्मक अध्ययन गरिएको छ।

(छ) परीक्षणका विधिहरूमध्ये "बन्द" परीक्षणलाई मात्र समावेश गरिएको छ।

ज) प्रस्तुत अध्ययन मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाको बोधगम्यताको अवस्था पत्ता लगाउन गरिएको हो। साथै सम्पूर्ण कक्षा सातमा अध्ययनरत संयुक्त छात्रछात्रालाई समावेश गराउन सम्भव नहुने भएकाले यस अध्ययन अध्येताले सीमित समय र स्रोत र साधनका आधारमा तयार पारिएको छ।

झ) यस अध्ययनमा झापा जिल्लाका केही सीमित विद्यालयलाई मात्र समावेश गरिएको छ । यसै आधारमा सत्य तथ्य मानेर सम्पूर्ण झापा जिल्लाका विद्यार्थीहरूको बोधगम्यताको निष्कर्ष निकालिएको छ ।

ञ) प्रस्तुत अध्ययन कक्षा आठको कथा विधामा मात्र सीमित रहेर साथै कथा विधाको पनि सम्पूर्ण अनुच्छेद समावेश गर्न असम्भव भएकाले अध्ययनकर्ताले प्रत्येक कथाबाट एक-एक अनुच्छेद मात्र लिएर त्यसैका आधारमा प्रश्न समावेश गरी विद्यार्थीहरूको बोधगम्यता क्षमता पहिल्याउने कोसिस गरिएको छ ।

ट) बोधगम्यता क्षमता परीक्षण विभिन्न आधारमा गर्न सकिने भए तापनि यस अध्ययनमा भने सरल र जटिल क्रम, र भाषिक पृष्ठभूमिलाई मात्र आधार बनाएर तुलनात्मक अध्ययन गरिएको छ ।

ठ) अध्यताले यस अध्ययनका क्रममा वस्तुगत प्रश्नावली मात्र समावेश गरिएको छ भने परीक्षा सञ्चालनका क्रममा आएका विभिन्न आन्तरिक समस्यालाई न्युनीकरण गर्न असमर्थ भएको महसुस भएको छ ।

ड) यस अध्ययनमा जम्मा तीन विद्यालयका मातृभाषी तथा दोस्रोभाषी, १०/१० गरी ६० विद्यार्थीहरूका आधारमा सम्पूर्ण झापा जिल्लाका कक्षा सातका विद्यार्थीको बोधगम्यता क्षमताको निष्कर्ष निकालिएको छ ।

## भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

कुनै पनि विषयको एउटा सानो अनुसन्धानले त्यसको सम्पूर्ण कार्य पूर्ण हुन सक्दैन । अनुसन्धान एक निरन्तर रूपमा चलिरहने प्रक्रिया भएको हुनाले यस अध्येताले निम्न लिखित शीर्षकमा भावी अनुसन्धानहरू हुन आवश्यक ठानिएको छ :

- कक्षा सातको नेपाली पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूको बोधगम्य क्षमताको अध्ययन ।
- कक्षा सातको नेपाली किताबमा समाविष्ट व्याकरण शिक्षण बोध क्षमताको अध्ययन ।
- कक्षा सातको पुरानो पाठ्यपुस्तक र नयाँ पाठ्यपुस्तकबीच बोधगम्यता सम्बन्धी अध्ययन ।
- कक्षा सातको नेपाली किताबको पठनबोध क्षमताको अध्ययन ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज र शर्मा, केदार प्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनिया, बुद्धराज, अधिकारी, रामकुमार, र दहाल, विप्रहरि (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

*कार्यपत्र,* (२०३४), नेपाली शिक्षकहरूको प्रथम अधिवेशन, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

घिमिरे, विष्णुहरि (२०५६) *हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यता अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढकाल, बुद्धराज (२०६६), *कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढुङ्गेल भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७) *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

नेपाल, भावना (२०७२) *बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७२), *नेपाली किताब कक्षा आठ,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

प्रधान, बाबुलाल (२०६१), *रत्न नेपाली शब्दकोश,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पुरी, सत्यरूपा (२०६०), *हाम्रो नेपाली किताब कक्षा छको बोधगम्यताको अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७३), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण* काठमाडौ : न्यु हिरा बुक्स ।

भूसाल, माधवा (२०६७), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठबोध क्षमताको अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तुलसीराम (२०६५), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* (अप्रकाशित शोधपत्र) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका केही सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

## परिशिष्ट क

## परीक्षणका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

बोधगम्यताका आधारमा कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको अध्ययन

**विद्यार्थी सम्बन्धी विवरण**

नामः कक्षा :

उमेर : छात्र/छात्रा :

मातृभाषा : दोस्रो मातृभाषा गाउँ/सहर :

विद्यालयको नाम ठेगाना :

विद्यालय : सरकारी

(क) **तल तीनवटा अनुच्छेदहरू दिइएका छन् । ती अनुच्छेदहरूका विभिन्न ठाउँमा शब्दहरू हटाइएका छन् । हटाइएका शब्दहरू पत्ता लगाएर खाली ठाउँ भर : १०×२=२०**

१. कुनै गाउँमा एउटा.......................... थियो ।

उ अरू मानिसलाई................ काम गर्थ्यो ।

उ.............. दिदी भिनाजुकहाँ बस्थ्यो ।

दिदी भिनाजुको एउटा...............थियो ।

उ आफ्नो भान्जालाई दिनभर ठग.................सुनाउँदै ठग विद्या सिकाउँथ्यो तर भान्जो भन्ने गर्थ्यो "ठग्ने काम राम्रो..................। "

केही............पछि दिदी भिनाजु कहाँ कति बस्नु भनेर त्यो ठग............हिँड्यो ।

एक दिन ठगकी..................... ले छोरालाई भनिनु

"छोरा, अब तँ ............ भइस्..............काम गर् ।

(राम्रो, मानिस, केही, दिदी, होइन, समय, चर्तिकला, प्रायः, ठग्ने, छोरा)

**२. तलको अनुच्छेद पढेर ठिक उत्तरमा (/) चिह्न लगाऊ : १०×२ = २०**

(क) गङ्गाको घरमा हप्तामा कति पटक सभा बस्ने गर्दथ्यो ?

१. एक २.चार ३.तीन

(ख) त्यो सभामा के का विषयमा चर्चा हुन्थ्यो ?

१. पैसाबारे २. घटनाबारे ३. कामहरूबारे

(ग) समस्या आए कसरी समाधान गर्थे ?

१. एक्लै २. सबै मिलेर ३. दुई जना मिलेर

(घ) गङ्गाले सभामा के राख्ने निधो गरिन ?

१. बाटो भत्केको २. स्कुल भत्केको ३. छानो भत्केको

(ङ) सात दिने सभा हप्ताको कुन बार पर्दथ्यो ?

१. शुक्रबार २. आइतबार ३. मंगलबार

(च) सभामाछलफल कस्तो हुन्थ्यो ?

१. अलिअलि राम्रो २. नराम्रो ३. सारै राम्रो

(छ) सभामा कस्तो मौका हुन्थ्यो ?

१. गल्ती सुधार्ने२. गल्ती गर्ने३. हल्का गल्ती सुधार्ने

(ज) निधो गरेको कुरा के सरह पालना गरिन्थ्यो ?

१. कानुन २. अनुशासन ३. आदर

**३.तल दिएका घटना क्रमहरूका अगाडिको कोठामा १,२,३ आदि क्रम सङ्ख्या राखी घटनाक्रम मिलाएर कथा तयार पार : १०×२ = २०**

(. ) पारुहाङले किरात राजाहरूको समस्या समाधान गर्ने विचार गरे ।

( ) सधैं झगडा र कचिङ्गल भइरहन्थ्यो ।

( ) यसबाट हैरान भएर एक किरात राजा अरूण उपत्यकामा शान्ति ल्याउने उपाय सोध्न पारुहाङ्कहाँ पुगे ।

( ) उहिले उहिले किरात उपत्यकामा थुपै किरात राजाहरूथिए ।

( ) त्यस्ता राज्यका रैतीहरूले  तिरो नतिरेपछि राजाहरू पनि गरिब नै हुन्थे ।

( ) उनले किरात राजाहरू बीचको बेमेल र बेथितिका सबै कुरा सुनाए ।

( ) सबैआपाङ्गी राजाहरूका ससाना राज्य थिए ।

( ) त्यसैले एक राजाले अर्को राजाको राज्यमा हमला गरिरहन्थे ।

( ) त्यस्ता राजाहरूलाई आपुङ्गी राजा भनिन्थ्यो ।

( ) सम्पन्न र ठूलो देशको राजा हुने रहरले सबैलाई महत्त्वकाङ्क्षी बनाएको थियो ।

**४. तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ ।**

बोधिसत्व युवा भए तर उनको मन र घर व्यवहारतर्फ कहिल्यैं गएन । उनी लोभ र लालचमा कहिल्यैं लागेन्न । मनमा लोभ र लालच नहुनाले उनी कहिल्यै रिसाउँदैनथे ।

उनको मनमा दया, माया, स्नेह , मित्रता र करुणा मात्र थियो । सेवा गदै मानवलाई सही बाटो देखाउनु उनको एक मात्र उद्देश्य थियो । उनी सधैं सबैले ज्ञान र सुख पाऊन भन्ने चाहना राख्दथे । मानिस र पशुपन्छीहरूको दुःख देखेर बोधिसत्व धेरै दुःखी हुन्थे । त्यसैले उनलाई दुःखले छुदैनथ्यो । उनी बसेको ठाउँ वरिपरि हिंसक जन्तुले हिंसा गर्न समेत छाडेका थिए ।

१. बाधिसत्व किन कहिल्यै रिसाउँदैंनथे ?

=

२. उनको उद्देश्य के थियो ?

=

३.बोधिसत्व सधैं के चाहना राख्दथे ?

=

४. उनी के देखेर दुःखी हुन्थे ?

=

५. जन्तुको अर्थ स्पष्ट पार ?

=

**५.तलको अनुच्छेद राम्ररी पढी ठिक शब्द खोजेर खाली ठाउँमा भर ।** **५×२ =१०**

भोक र जल विहारको थकाइले उनीहरू व्याकुल थिए । खानेकुरा थिएन । निद्राले पनि झपझप हुन लागेका थिए । यस्तैमा श्रीकृष्णले भने, "हामी रातको समयमा निर्जन वनमा छौं । जङ्गली हिंसक जन्तुले हामीलाई आक्रमण गर्न सक्छन् । यहाँ राक्षसहरू पनि घुम्छन् रे ! तिनीहरूले पनि दुःख दिन सक्छन् । त्यसैले राति पालैपालो एकजना जागैं बसौं । कसो दाइ ? मेरो भनाइ कस्तो लाग्छ ?" श्रीकृष्णको भनाइ बुद्धिमानीपूर्ण भएकाले दुवैले सहमति जनाए रातको पहिलो प्रहर सात्यकि, दोस्रो प्रहर बलराम र तेस्रो प्रहरमा श्रीकृष्ण पाले बस्ने निधो भयो ।

(क) भोक र जल विहारको थकाइले उनीहरू................व्याकुल थिए ।

(ख) यहाँ............................पनि घुम्छन् रे !

(ग) श्रीकृष्णको भनाइ .......................... भएकाले दुवैले सहमति जनाए ।

(घ) यस्तैमा................भने, "हामी रातको समयमा निर्जन वनमा छौं ।"

(ङ) तेस्रो प्रहरमा श्रीकृष्ण..............पाले बस्ने निधो भयो ।

६. दिएको अनुच्छेदमा मिल्ले शब्द राखेर खाली ठाउँ भर :

"बुझ्नु भो मामा म पनि बाक्लो दाल खाने भएँ नि !"...................मेरो छिमेकी भित्र........आएर मलाई खबर सुनाउँछ । ऊ मलाई............भन्ने गर्छ । सम्बोधन हो, प्रिय लाग्ने जुनसुकै शब्दको प्रयोग गरे पनि....................छ । "हो र ...............छ ।" म सहज रूपमा उत्तर त दिन्छु तर मेरो............च्वास्स बिझ्छ बाक्लो दालले । हाम्रो बाक्लो दाल खाने रहर धेरैमा बढ्दो छ । समयको..........हो वा मानसिक आरोह अवरोहले हो बाक्लो दालतर्फ हामी......................हुँदै छौं ।

(अबदेखि, एकाबिहानै, हरिहर, सधै, मामा, स्वीकार्य, बधाई, मनमा, समाजमा, प्रवाहले, आकृष्ट )

## परिशिष्ट ख

## उत्तर कुञ्जिका

**प्र.नं १**

१.मानिस  २. ठग्ने  ३. प्रायः  ४. छोरा  ५. चर्तिकला

६. होइन  ७.समय  ८.त्यहाँबाट  ९. दिदी  १०. ठूलो

**प्र.नं २**

(क) १ (ख) २ (ग) २ (घ) ३ (ङ) १ (च) ३ (छ) १ (ज) १(झ) ३ (ञ) २ ।

**प्र.नं ३**

उत्तर : १०, ७ ,८ , १ , ४ ,९ , ३ ,६ , २ , ५ ।

**प्र.नं ४**

१. मनमा लोभ लालच नभएकाले ।

२. सेवा गर्दै भावनालाई सही बाटो देखाउनु ।

३. ज्ञान र सुख पाउन भन्ने ।

४. मानिस र पशुपन्छीहरू ।

५. अरू जन्तुलाई मार्ने ।

**प्र.न.५**

(क) व्याकुल (ख) राक्षसहरू -ग) बुद्धिमानीपूर्ण (घ) श्रीकृष्णले (ङ) पाले ।

**प्र.नं ६**

एकाबिहानै, हरिहर, सधैँ, मामा, स्वीकार्य, बधाई, मनमा, समाजमा, प्रवाहले, आकृष्ट

## परिशिष्ट ग

## यस अध्ययनमा सहयोगी विद्यालय र विद्यार्थीको नामावलीहरू

| विद्यालयको नाम | मातृभाषी विद्यार्थीको नाम | दोस्रोभाषी, विद्यार्थीको नाम |
|---|---|---|
| भृकुटी मा.वि. दुर्गापुर | १. सुवोद पराजुली<br>२. सुजन सापकोटा<br>३. शितल भण्डारी<br>४. दिलिप ढकाल<br>५. मुना पौंडेल<br>६. निश्चल खड्का<br>७. अनुसा कार्की<br>८. मङ्गीला अधिकारी<br>९. मुकेश थापा<br>१०. ईश्वर बराल | १. राजु किस्कु<br>२. रियाज लिम्बू<br>३. देवी चौधरी<br>४. अन्जु टुडु<br>५. सुनिता तामाङ्ग<br>६. प्रविन राई<br>७. गणेश मण्डल<br>८. पूजा श्रेष्ठ<br>९. कमल राजवंशी<br>१०. सुरज ठाकु |
| सरस्वती मा.वि. जामुनवारी कनपा.–२ | १. उपेन्द्र विष्ट<br>२. आयुष बस्नेत<br>३. होमनाथ ढुंगाना<br>४ .शुसन योगी<br>५. प्रेम भट्टराई<br>६ .यसोदा बास्कोटा<br>७. भूमिका चौहान<br>८. अन्जु रसाइली<br>९. रवीन ऋषिदेव<br>१०. गीता भट्टराई | १. पेमा तामाङ्ग<br>२. दिवश राई<br>३. विष्णु कुरमी<br>४. प्रदीप आङ्देवे<br>५. प्रविन श्रेष्ठ<br>६. माया देवी चौंधरी<br>७. सरोज मगर<br>८. सविना कुमाल<br>९. मर्मता माझी<br>१०. मुना किस्कु |
| कनकाई, मा.वि., सुरुङ्गा | १. इन्दिरा विष्ट<br>२. मिना उप्रेती<br>३. पुजा भण्डारी<br>४. मोनिका कार्की<br>५. रूपा दहाल<br>६. मनिष रिजाल<br>७. सुमन ढकाल<br>८. अरूण खड्का<br>९. माधव मैनाली<br>१०. जनक सापकोटा | १. रेनुका कुमाल<br>२. सुनिता माझी<br>३. सीता चौधरी<br>४. राहल तामाङ्ग<br>५. मिलन मण्डल<br>६ पवन श्रेष्ठ<br>७. लीला चोम्जेङ्ग<br>८. सुमन उराउ<br>९. शुसिला राजवंशी<br>१०. प्रिती शाह |

## परिशिष्ट घ

नाम :- उपेन्द्र विष्ट कक्षा :- 6
विद्यालय :- श्री सरस्वती मा। वि।

२. तलको अनुच्छेद पढी ठिक उत्तरमा (✓) चिह्न लगाऊ।
(क) गङ्गाको घरमा हप्तामा कति पटक सभा बस्ने गर्दथ्यो?
→ १ (एक)
(ख) त्यो सभामा के-को विषयमा चर्चा हुन्थ्यो?
→ कामहरुबारे
(ग) समस्या आएर कसरी समाधान गर्थे?
→ सबै मिलेर
(घ) गङ्गाले सभामा के राख्ने निधो गरिन्?
→ छानो भत्केको
(ङ) सात दिने सभा हप्ताको कुन बार पर्दथ्यो?
→ मङ्गलबार
(च) सभामा छलफल कस्तो हुन्थ्यो?
→ नराम्रो
(छ) सभामा कस्तो मौका हुन्थ्यो?
→ गल्ति सुधार्ने
(ज) निधो गरेको कुरा के सरह पालना गरिन्थ्यो?
→ कानुन

१२

३. तल दिएका घटना क्रमहरुका अगाडिको कोठामा १, २, ३ आदि क्रम सङ्ख्या राखी घटनाक्रम मिलाएर कथा तयार गर।
(8) पारुहाङले किरात राजाहरुको समस्या समाधान गर्ने विचार गरे।
(6) सधैं झगडा र कचिङ्गल भइरहन्थ्यो।
(7) यसबाट हैरान भएर एक किरात राजा अरुण उपत्यकामा शान्ति ल्याउने उपाय सोच्न पारुहाङकहाँ पुगे।

(१) उहिले उहिले किरात उपत्यकामा धुप्रै किरात राजाहरू थिए।
(४) त्यस्ता राज्यका रैतीहरूले तिरो नतिरेपछि राजाहरू पनि गरिब नै हुन्थे।
(७) आले किरात राजाहरू बीचको बेमेल र बेपित्तिका सबै कुरा सुनाए।
(३) सबै अपुत्री राजाहरूका स-साना राज्य थिए।
(६) त्यसैले एक राजाले अर्को राजाको राज्यमा हमला गरिरहन्थे।
(२) त्यस्ता राजाहरूलाई अपुत्री राजा भनिन्थ्यो?
(५) सम्पन्न र ठूलो देशको राजा हुने रहरले सबैलाई महत्वाकाङ्क्षी बनाएको थियो।

20

१५ उत्तर लेख।

१. बोधिसत्व किन कहिल्यै रिसाउँदैनथे?
→ मनमा लोभ लालच नभएकोले बोधिसत्व रिसाउँदैनथे।

२. उनको उद्देश्य के थियो?
→ सेवा गर्दै भावनालाई सहि बाटो देखाउनु उनको उद्देश्य थियो।


३. बोधिसत्व सधैं के चाहना राख्थे?
→ ज्ञान र सुख पाऊँ भन्ने चाहना बोधिसत्व राख्दथे।

४. उनी के देखेर दुःखी हुन्थे?
→ मानिस र पशुपन्छीहरू देखेर उनी दुःखी हुन्थे।

५. जन्तुको अर्थ स्पष्ट पार।
→ अरु जन्तुलाई मार्ने हिंस्रक पशु नै जन्तु हो।

20

परिशिष्ट ङ


नेपाली
कक्षा ७
वि+भक्ति = विभक्ति
प्र+सिद्ध = प्रसिद्ध
प्रश्न+उत्तर = प्रश्नोत्तर
विद्या+आलय = विद्यालय
लिङ्ग+इक लैङ्गिक

**व्यक्तिवृत्त**



| | |
|---|---|
| **नाम** | : प्रकाश बन |
| **जन्म** | : २०४६।०१।२२ |
| **पिताको नाम** | : मतिलाल बन |
| **माताको नाम** | : हिराकुमारी गिरी |
| **स्थायी ठेगाना** | : भद्रपुर-३, झापा |
| **सम्पर्क नं** | : ९८४२६७९००५ |
| **नागरिकता** | : नेपाली |
| **धर्म** | : हिन्दू |
| **मातृभाषा** | : नेपाली |
| **वैवाहिक स्थिति** | : अवाहित |
| **पेशा** | : कर्मचारी (जिल्ला प्राविधिक कार्यालय) |
| **शैक्षिक योग्यता** | : एम.एड. |

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | प्रवेशिका | श्री वीरेन्द्र मा.वि., भद्रपुर | २०६३ | दोस्रो |
| २. | + २ | श्री वीरेन्द्र मा.वि., भद्रपुर | २०६६ | दोस्रो |
| ३. | स्नातक | श्री वीरेन्द्र क्याम्पस, भद्रपुर | २०६९ | दोस्रो |
| ४. | स्नातकोत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा | २०७४ | |